शिखर सम्मेलनमा प्रधानमन्त्रीको सहभागिताको... पृष्ठ ५ मा



जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com
वर्ष २७ • अंक १०० • २०८२ साल भाद्र १२ गते बिहीबार (28 August, Thursday, 2025) • पृष्ठ ८ • मूल्य रु. ५।–

# एसपी सिलवालमाथि छानबिन समिति गठन

टुडे समाचारदाता



जनकपुरधाम । प्रहरीउपरीक्षक राजकुमार सिलवालमाथि रकम असुली गर्ने गरेको आरोपमा मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरले छानबिन समिति गठन गरेको छ । उनी राजमार्ग सुरक्षा तथा तथा ट्राफिक व्यवस्थापन कार्यालय पथलैया बाराका प्रमुख छन् ।

एसपी सिलवालमाथि जाँचका क्रममा चोरीका सवारी साधनको गैरकानुनी प्रयोग र चालकमाथि अभद्र व्यवहार गर्ने गरेको आरोप लागेको छ । एसपी सिलवालविरुद्ध मौखिक तथा लिखितसहित ३५ वटा गम्भीर प्रकृतिका गुनासो आएपछि मधेश प्रदेश प्रहरी कार्यालयले छानबिन अघि बढाइएको छ ।

मधेश प्रदेश प्रहरीका डीआईजी उमाप्रसाद चर्तुवेदीले सिलवालमाथि प्रदेश कार्यालयले आन्तरिक छानबिन गरिरहेको जानकारी दिए ।

डीआईजी चतुर्वेदीले सिलवालमाथि छानबिन गर्न प्रदेश कार्यालयले पाँचवटा छुट्टाछुटै समिति बनाएको बताए । सिलवालले मादक पदार्थ सेवन (मापसे) गरेर सवारी चलाएका चालकलाई जरिवाना तिराउँदै सवारी छाड्न लगाइ घर पठाउनुपर्नेमा कानुनविपरीत थुनामा राख्ने गरेको आरोपसमेत लागेको छ ।

यसरी चोरीका सवारी साधन गैरकानुनी प्रयोग गर्ने, अवैध मालसामान बोकेका सवारी साधनलाई आर्थिक प्रभावमा परेर जाँच नगर्ने जस्ता गम्भीर उजुरी उनीविरुद्ध परेको जनाइएको छ । ट्रान्सपोर्ट कम्पनीका ट्रक रोकेर गैरकानुनी तरिकाले रकम असुली गर्ने गरेको गुनासोसमेत उनीमाथि छ ।

एसपी सिलवालले भारतीय नम्बर प्लेटका गाडीहरुलाई प्रवेशमा कडाइका नाममा रकम असुली गर्ने गरेको उजुरी पनि आएको मधेश प्रदेश प्रहरी कार्यालयले जनाएको छ । एसपी सिलवाल यसअघि पनि पटकपटक विवादमा पर्दै आइरहेका छन् । यसअघि पनि उनीमाथि मिटरब्याजमा रकम लगाउने गरेको आरोप लागेको थियो ।

तर एसपी सिलवालले भने आफूमाथि समिति बनाएको बारे जानकारी नरहेको प्रतिक्रिया दिए ।

## उखु किसान आन्दोलन मत्थर पार्ने सरकारको दाउ

# आन्दोलन नरोकिने किसानको अडान

टुडे समाचारदाता

जनकपुरधाम । सरकारले उखु किसानको आन्दोलनलाई मत्थर पार्नका लागि ७५ करोडभन्दा बढी रकम निकास गरी वार्ता समिति गठन गरी प्रपञ्च गरेको भन्दै उखु किसानहरु झनै आक्रोशित भएका छन् ।

उखु किसानहरूलाई प्रोत्सहान स्वरुप दिने गरेको अनुदान आधा घटाइदिएपछि आन्दोलित किसानले आफ्नो आन्दोलनलाई जारी नै राख्ने प्रष्ट पारेका छन् ।

अर्थ मन्त्रालयले अनुदानवापतको ७५ करोड ४९ लाख ३८ हजार २ सय ४० रुपैयाँ निकासा गरेको थियो ।

तर यसअघि प्रति क्विन्टल ७० रुपैयाँ प्रोत्साहन स्वरुप अनुदान पाउँदै आएका किसानलाई सरकारले घटाएर ३५ रुपैयाँ मात्रै पाउने गरि रकम निकासा गरेपछि आन्दोलनलाई निरन्तरता दिएका छन् ।

अनुदानको रकम पाउनुपर्ने मागसहित उखु किसान एक सातादेखि काठमाण्डु केन्द्रित आन्दोलित भएका छन् ।

प्रतिक्वीन्टल ७० रुपैयाँ अनुदान सुनिश्चित नभएसम्म आन्दोलन नरोक्ने किसानले अडान कायमै राखेका छन् ।

आइतबारदेखि शुरु भएको काठमाण्डुकेन्द्रित किसानको आन्दोलनलाई मत्थर पार्न कृषि तथा पशुपँक्षी विकास मन्त्रालयले प्रतिक्वीन्टल ३५ रुपैयाँका दरले ७५ करोड ४९ लाख ३८ हजार दुई सय ४० रुपैयाँ अनुदानवापतको रकम मंगलबार निकासा गरेको छ । उक्त रकम जिल्लास्थित कोष तथा लेखा नियन्त्रकको कार्यालयमार्फत किसानको बैंक खातामा बिहीबारसम्म



पुग्ने मन्त्रालयले जनाएको छ ।

त्यस्तै किसानका थप मागबारे छलफल गर्न मन्त्रालयले कृषि विभागका उपमहानिर्देशक ललनकुमार सिंहको संयोजकत्वमा चार सदस्यीय वार्ता समिति पनि गठन गरेको जनाएको छ । सरकारी वार्ता टोलीसंग आन्दोलनरत किसान प्रतिनिधिले अनौपचारिक छलफलसमेत गरेका छन् । सो छलफलमा प्रतिक्वीन्टल ३५ रुपैयाँका दरले हुन आउने अनुदान रकम निकासा गरी पठाएकोबारे सरकारी प्रतिनिधिमण्डलले जानकारी दिएको उखु उत्पादक किसान महासंघका संयोजक श्यामबाबु रायले जानकारी दिए ।

गत आर्थिक वर्षमा चिनी मिलहरूले दुई करोड १५ लाख क्वीन्टल उखु क्रसिङ गराएका थिए । सो अनुसार सरकारी अनुदानबापत किसानले एक अर्ब ५० करोड ५० लाख रुपैयाँ पाउनुपर्ने थियो । सो नपाएपछि आइतबारदेखि करिब ६ सय किसान माइतीघरमा भेला भएर आन्दोलनमा होमिएका छन् ।

संयोजक रायले चालू आर्थिक वर्ष ०८२/८३ देखि प्रतिक्वीन्टल ७० रुपैयाँ अनुदान पाउने सुनिश्चितता हुनुपर्ने बताए ।

प्रतिक्वीन्टल ७० रुपैयाँ सरकारी अनुदान कटौती गर्न नपाइने माग राखेर आन्दोलनरत उखु किसानलाई दलका नेताहरूले साथ दिएका छन् । उनीहरूले मंगलबार उखु किसानले आन्दोलन गरिरहेको माइतीघर मण्डलमै पुगेर माग सम्बोधनका लागि सरकारलाई दबाब दिने आश्वासनसमेत दिएका छन् ।

माओवादी केन्द्रका वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठले सरकारी अनुदानले निरन्तरता पाउनुपर्ने माग जायज भएको बताए । उनी केही समय किसानसँगै धर्नामा पनि बसेका थिए ।

त्यस्तै, एकीकृत समाजवादीका अध्यक्ष तथा पूर्वप्रधानमन्त्री माधवकुमार नेपालसमेत माइतीघरको सडकमा किसानसँगै धर्ना कसेर बसेका थिए । उनले अर्बौं भौतिक संरचना बनाउन बजेट विनियोजन गर्ने, तर किसानको अनुदान कटौती गर्ने नीति ठिक नभएको बताए । 'हामी किसानसँगै छौं । तर, सरकारले किसानको साथ दिनुको सट्टा विगतदेखि पाइरहेको अनुदान कटौती गरेर लापरबाही गरेको छ । अनुदानलाई निरन्तरता दिइयो भने मात्रै किसानले न्याय पाउँछन्,' उनले भने । उनले कृषि क्षेत्रको उत्पादन वृद्धिका कार्यक्रम ल्याएर युवालाई रोजगारी दिने, उत्पादकत्व वृद्धि गर्ने र युवा बिदेसिने क्रमलाई रोक्नुपर्ने बताएका थिए । त्यस्तै पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराई पनि माइतीघर पुगेर किसानसँगै धर्ना बसेका थिए ।

उनले किसानको अधिकार खोस्न सरकारले एकलौटी ढंगबाट निर्णय गर्न नहुने बताए । त्यस्तै कांग्रेस नेता डा. शेखर कोइरालाले उखु किसानको माग तत्काल सम्बोधन गर्न सरकारलाई दबाब दिएका छन् । सत्ता साझेदार दलका नेता कोइरालाले उखुको बोटसहित किसानहरू आन्दोलन गर्न सडकमा आउनु सरकारका लागि राम्रो नभएको पनि बताए । 'उखुको बोटसहित किसान सडक आन्दोलनमा आउनु अत्यन्त दुःखद स्थिति हो । उनीहरूको माग तुरुन्त पूरा गरौं,' उनले सामाजिक सञ्जालमा लेखेका छन् । नेता कोइरालाले किसानहरू सधैं पीडामा परेको भन्दै दुःख व्यक्त गरेका छन् ।







# विराट शिक्षण अस्पतालमा सेवा विस्तार




विराटनगर । मोरङको बूढीगङ्गा गाउँपालिका-२ स्थित विराट मेडिकल कलेज एवं शिक्षण अस्पतालले पूर्वी नेपालको स्वास्थ्य क्षेत्रमा महत्त्वपूर्ण स्थान हासिल गरेसँगै आफ्ना सेवा विस्तार गरेको छ । अस्पतालले हालैमात्र स्त्री तथा प्रसूति सेवाका लागि दुई सय श्ययाको अत्याधुनिक भवन सञ्चालनमा ल्याएर सेवा विस्तार गरेको हो ।

मुलुकको अत्याधुनिक ल्याप्रोस्कोपिक (दुरविनको माध्यमबाट पेट नचिरिकन सानो सानो प्वाल बनाएर गरिने शल्यक्रिया) स्त्री तथा प्रसूति केन्द्रका रूपमा रहेको यस अस्पतालमा 'अप्रेसन थिएटर'को सङ्ख्या २४ पुगेको छ ।

यसअघि विभिन्न शल्यक्रियाका लागि १९ वटा अप्रेसन थिएटर सञ्चालनमा रहेका अस्पतालका अध्यक्ष एवं प्रा डा ज्ञानेन्द्र मानसिंह कार्कीले बताउनुभयो । उहाँका अनुसार थप सेवा विस्तारसँगै स्त्री तथा प्रसूति सेवाका लागि पाँच वटा अत्याधुनिक शल्यक्रिया कक्ष, दुई सय श्यया क्षमताको वार्ड, ३० श्ययाको डिलक्स क्याबिन, छुट्टै गाइनो आइसियुलगायत विशिष्ट सुविधा थप गरिएको छ ।

सेवा विस्तार भएसँगै कोशी प्रदेश र आसपासका क्षेत्रका महिलाहरूका लागि गुणस्तरीय र सहज स्वास्थ्य सेवामा पहुँच बढाउने अपेक्षा गरिएको छ । सन् २०१४ मा स्थापना भएको विराट मेडिकल कलेज एवं शिक्षण अस्पताल छोटो समयमा प्रदेशको अग्रणी स्वास्थ्य संस्थाका रूपमा स्थापित भएको छ ।

स्त्री तथा प्रसूतिजस्तो संवेदनशील सेवालाई थप प्रभावकारी र व्यवस्थित बनाउन सम्पूर्ण अस्पताल समर्पित रहेको बताउँदै प्राडा कार्कीले भवन र अत्याधुनिक उपकरणसहितको सेवा विस्तारले गुणस्तरीय स्वास्थ्य उपचार उपलब्ध गराउने विश्वास व्यक्त गर्नुभयो । उहाँले यस कदमले महिला बिरामीहरूलाई अझै उत्कृष्ट र सुरक्षित उपचार प्रदान गर्न मद्दत पुग्ने बताउनुभयो ।

"अस्पतालमा एक सय श्यया क्षमताको इमर्जेन्सी विभाग सञ्चालनमा छ, जसमा स्त्री तथा प्रसूति आपत्कालीन सेवा पनि समावेश छ । यसका साथै, अस्पताल नेपालकै अत्याधुनिक ल्याप्रोस्कोपिक स्त्री तथा प्रसूति केन्द्रका रूपमा पनि परिचित छ । हाल अस्पतालमा २० जनाभन्दा बढी विशेषज्ञ स्त्री रोग तथा प्रसूति चिकित्सकको टोलीले सेवा प्रदान गर्दै आएका छन्, जसले बिरामीलाई २४ सैं घण्टा विशेषज्ञ सेवा सुनिश्चित गरेको छ", कार्कीले भन्नुभयो ।

अस्पतालका अध्यक्ष प्रा डा कार्कीले सरकारले लामो समयपछि मेडिकल कलेजहरूमा एमबिबीएस कोटा बढाउने निर्णय गरेर स्वास्थ्य क्षेत्रमा सकारात्मक सन्देश दिएकामा खुसी व्यक्त गर्नुभयो । उहाँले यसलाई १० वर्षपछिको 'आइस ब्रेक' को संज्ञा दिँदै भन्नुभयो, "निजी क्षेत्रले स्वास्थ्य क्षेत्रमा ठूलो लगानी र पूर्वाधार निर्माण गरेर फड्को मारेका छन् । राज्यले १० वर्षअघि गर्नुपर्ने कोटा वृद्धिको निर्णय अहिले गरेको छ, यो अत्यन्तै स्वागतयोग्य पक्ष हो । यस निर्णयले देशमा आवश्यक दक्ष जनशक्ति उत्पादनमा मद्दत पुग्नेछ ।"

अस्पतालले बिरामीका आफन्त, चिकित्सक र कर्मचारीहरूको सुविधालाई ध्यानमा राख्दै आधुनिक र सुविधा सम्पन्न 'विराट क्याफे' पनि सञ्चालनमा ल्याएको छ । रासस

# हैजा तथा झाडापखाला सङ्क्रमण रोक्न रेडक्रसको सहयोग


काठमाण्डु । नेपाल रेडक्रस सोसाइटीले वीरगञ्जमा फैलिएको हैजा तथा झाडापखाला सङ्क्रमण रोकथाम तथा नियन्त्रणका लागि प्रतिकार्य सुरूआत गरेको छ ।

रेडक्रस तथा रेडक्रिसेन्ट सोसाइटीहरूको अन्तरराष्ट्रिय महासङ्घ (आइएफआरसी) को आपत्कालीन विपद् कोषको आर्थिक एवं प्राविधिक सहयोगमा प्रतिकार्यलाई द्रुत अगाडि बढाइएको हो ।

पर्सा जिल्ला शाखामार्फत प्रभावित समुदायका घरघरमा पुगेर झाडापखाला तथा सम्भावित हैजाबाट बच्ने उपायहरूसहित सरसफाइ तथा स्वच्छता प्रवर्द्धन, खानेपानी शुद्धीकरण, हातधुने अभ्यास सहजीकरण र बिरामीलाई स्वास्थ्य केन्द्रसम्म लैजान सहयोग गर्ने उद्देश्यले ३० जना सङ्क्रमण नियन्त्रण स्वयंसेवकहरूलाई अभिमुखिकरण गरी परिचालन गरिएको छ ।

यसका अतिरिक्त स्थानीयस्तरमा समन्वय गरी स्वयंसेवकमार्फत जीवनजल, सरसफाइ सामग्री र खानेपानी शुद्धीकरण गर्ने विधिसहित क्लोरिन उपलब्ध गराएको छ । त्यस्तै, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको महामारी तथा रोग नियन्त्रण महाशाखामार्फत ३०० प्याकेट जीवनजल सम्भावित हैजा नियन्त्रणका लागि उपचार गरिरहेका अस्पतालहरूलाई हस्तान्तरण गरिएको जनाइएको छ । सम्भावित हैजा नियन्त्रणका लागि तीनै तहका सरकारी निकाय तथा सम्बद्ध सरोकारवाला निकायहरूसँग समन्वय गर्दै सहयोग पुऱ्याइरहेको पनि आइएफआरसीले जनाएको छ ।

वीरगञ्जमा देखापरेको हैजाका बिरामी बढ्दो रूपमा रहेको हुनाले सुख्खा सङ्कट प्रभावित जिल्लामा आपत्कालीन खानेपानी तथा सरसफाइका लागि आइएफआरसीको सो आपत्कालीन विपद् कोषको सहयोग परिचालन गरी विगत एक महिनादेखि सञ्चालित खडेरीसम्बन्धी प्रतिकार्यका गतिविधिहरूमा पनि हात धुने अभ्याससहित साबुन वितरण, आपत्कालीन शौचालय निर्माण र सरसफाइ तथा स्वच्छताका गतिविधिहरू स्थानीय सरकार एवं सरोकारवालाहरूसँगको समन्वयमा तदारुकताका साथ जारी रहेको बताइएको छ । रासस



# कलैयामा हैजा संक्रमण फैलियो




**टुडे समाचारदाता**

बारा । पर्साको वीरगञ्ज महानगरपालिकामा फैलिएको हैजाको संक्रमणले अब बाराको कलैयामा पनि त्रास बढाएको छ ।

बारास्थित कलैया अस्पतालमा एक जनामा हैजा पुष्टि भएपछि जिल्ला स्वास्थ्य कार्यालयले संक्रमण फैलिन नदिन उच्च सतर्कता अपनाएको छ ।

जिल्ला स्वास्थ्य कार्यालय बाराका प्रमुख रामनरेश यादवले संक्रमित व्यक्ति कलैयाको भए पनि उनी वीरगन्जमा काम गर्ने गरेको र त्यहीबाट संक्रमण लिएर आएको जानकारी दिए । उनले अस्पतालमा हैजा पुष्टि हुने बित्तिकै स्वास्थ्यकर्मीको टोलीलाई ती व्यक्तिको घर र गाउँमा पठाएर अन्य मानिसमा कुनै लक्षण देखिएको छ कि छैन भनेर जाँच गराएको बताएका छन् । हालसम्म अन्य व्यक्तिमा संक्रमण नदेखिएको उनले बताएका छन् ।

पछिल्लो समय कलैयामा हैजाको हल्ला व्यापक भए पनि जिल्ला स्वास्थ्य कार्यालयले कसैलाई पनि नडराउन अनुरोध गरेको छ। प्रमुख यादवले भने, 'विभिन्न सञ्चारमाध्यम र सामाजिक सञ्जालमा आएको खबरले कोही पनि डराउनु पर्दैन । आफू र आफ्नो परिवारको सरसफाइमा ध्यान दिने र नियमित क्रियाकलापमा गर्दा सावधानी अपनाउनुस् ।'

स्वास्थ्य कार्यालयका अनुसार, हैजा रोकथामको सबैभन्दा प्रभावकारी उपाय सुरक्षित पानी र सरसफाइ नै हो । त्यसैले, खानेपानी उमालेर वा पियुष हालेर मात्र पिउन, व्यक्तिगत सरसफाइमा ध्यान दिन र वरपरको वातावरण सफा राख्न आग्रह गरिएको छ । स्वास्थ्यकर्मीहरूले घर-घरमा गएर सचेतना दिइरहेका छन् । साथै, स्वास्थ्य कार्यालयले बिरामीको उपचारका लागि आवश्यक औषधि र किटहरू पनि पर्याप्त मात्रामा स्टक रहेको र बिरामीको निःशुल्क जाँचको व्यवस्था मिलाइएको जनाएको छ ।

अस्पतालमा बिरामीको संख्या बढेमा त्यसको व्यवस्थापनका लागि वीरगञ्जसंग जोडिएका विश्रामपुर, पर्सौनी, फेटा र परवानीपुर जस्ता पालिकाहरू पनि तयारी अवस्थामा रहेको यादवले बताए ।

# "संघ-संस्था ऐन, २०८२" सम्बन्धी विधेयकमाथि छलफल चलाउन बारको माग




काठमाण्डु । नेपाल बार एसोसिएसनले 'सङ्घ-संस्था ऐन, २०८२'सम्बन्धी विधेयकमाथि सरोकारवाला पक्षहरूहरुसँग छलफल गरी आवश्यक परिमार्जनसहित विधायन प्रक्रिया अघि बढाउन माग गरेको छ ।

महासचिव केदारप्रसाद कोइरालाले बुधबार जारी गरेको प्रेस विज्ञप्तिमा सङ्घ-संस्था दर्ता, नियमन तथा व्यवस्थापनसम्बन्धी कानुनलाई संशोधन तथा एकीकरण गर्न बनेको विधेयकका सन्दर्भमा सार्वजनिक सुझाव तथा प्रतिक्रियाका लागि नेपाल सरकार, गृह मन्त्रालयबाट जारी सार्वजनिक सूचनाउपर ध्यानाकर्षण भएको जनाउँदै बारले छलफल चलाउन माग गरेको हो ।

सो सम्बन्धमा प्रारम्भिक धारणा प्रस्तुत गर्दै बारले प्रस्तुत विधेयकलाई सबै सरोकारवालाहरुसँग सार्थक छलफल गरी परिमार्जन गरेर मात्र विधायन प्रक्रिया अघि बढाउनुपर्ने, परिमार्जनको प्रक्रियामा सरोकारवाला निकाय, नागरिक समाज तथा विज्ञहरुसँग बृहत्तर परामर्श गर्नुपर्ने र प्राप्त हुने सुझावहरूलाई आत्मसात् गरी संविधान र लोकतान्त्रिक मूल्यसँग सुसङ्गत हुने र सुशासनको प्रवर्द्धन गर्ने गरी विधेयक अगाडि बढाउनुपर्नेमा जोड दिएको छ ।

"विधेयकका कतिपय प्रावधानहरु संविधानमा प्रत्याभूत मौलिक हक तथा स्वतन्त्रतासँग बाझिने गरी राखिएको छ, संस्थागत स्वतन्त्रता र नागरिक समाजको भूमिका कमजोर पार्ने खालका व्यवस्थालाई विधेयकमा स्थान दिएको देखिन्छ", विज्ञप्तिमा भनिएको छ, "प्रस्तुत विधेयकले सुशासन प्रवर्द्धन गर्नेभन्दा पनि उल्टो सङ्घ-संस्थाको दायरा सङ्कुचित गर्ने र नियन्त्रणमुखी हुने जोखिम रहेको देखिन्छ ।"

विधेयन ऐन, २०८१ को दफा ६(२) अनुसार विधेयक तयार पार्दा त्यसको उद्देश्य र सम्भावित प्रभाव स्पष्ट गर्नुपर्ने कानुनी व्यवस्था भएअनुरुप "सङ्घसंस्था दर्ता, नियमन र व्यवस्थापनमा सङ्घ, प्रदेश र स्थानीय तहको भूमिका स्पष्ट हुने हुँदा संस्थाको व्यवस्थापनमा प्रभावकारिता अभिवृद्धि हुन गइ यसबाट सामाजिक र विकासका क्रियाकलापमा सङ्घ-संस्थाको भूमिका व्यवस्थित, पारदर्शी र प्रभावकारी हुन गई सुशासन प्रवर्द्धन गर्नमा मद्दत मिल्ने" जस्ता आधार र कारण अगाडि सारिएको छ ।

बारले आधार र कारण अगाडि सारे पनि प्रस्तावित विधेयकमा गरिएका कतिपय व्यवस्थाहरु नेपालको संविधानद्वारा प्रदत्त मौलिक हकप्रतिको सङ्कुचन हो भन्ने ठम्याइ रहेको जनाएको छ ।रासस

# मूलधारका दलहरू एकअर्कालाई देखाएर पन्छिन मिल्दैन : मुख्यमन्त्री कँडेल

काँक्रेविहार । कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेलले मूलधार ठूला तीन दलले एकअर्कालाई दोष देखाएर पन्छिन नमिल्ने बताउनुभएको छ ।

सुर्खेतको रामघाटमा बुधबार आयोजित कार्यक्रममा उहाँले निराशा बाँडेर जनताबाट विश्वास जित्न नसकिने बताउनुभयो । दलीय मतभिन्नतालाई थाती राखेर जनतामाझ आशा र विश्वास दिलाउनसके राजनीति र विकासले सही मार्ग पहिल्याउने उहाँको भनाइ छ ।

"एकअर्कालाई कमजोर देखाउन केही भएको छैन भनेर निराशा बाँड्न हुँदैन, ठूला तीन दल पालैपालो शासन सत्तामा छौँ", उहाँले भन्नुभयो, "हामीले भएका राम्रा सकारात्मक कामहरू सत्तापक्ष प्रतिपक्षमा विभाजित नभई प्रष्ट भन्न सक्नुपर्छ, जसले जनतालाई व्यवस्थाप्रति भरोसा जगाउन मद्दत पुग्दछ ।"



कर्णाली प्रदेशसभा सदस्य एवं पूर्वआन्तरिक मामिला तथा कानुनमन्त्री कृष्णबहादुर जिसीले प्रदेश सरकारले प्रहरीलाई सबल, सक्षम र सुविधासम्पन्न बनाउने ध्येयका साथ विभिन्न स्थानमा भवन निर्माणको योजना सञ्चालन गरिएको बताउनुभयो । प्रदेश सरकारका पूर्वमन्त्री खड्कबहादुर खत्रीले तमाम चुनौतीका बाबजुद भवन निर्माण कार्य पूरा भएको बताउनुभयो ।

भेरीगङ्गा नगरपालिकाका प्रमुख यज्ञप्रसाद ढकालले सुविधासम्पन्न भवनबाट शान्तिसुरक्षा र अपराध नियन्त्रणजस्ता कार्यमा प्रहरी सफल हुनुपर्ने विचार व्यक्त गर्नुभयो । एक करोड ५७ लाख ५८ हजार ३८० रुपैयाँ लागतमा सम्झौता भए पनि भवन भने एक करोड ३२ लाख सात हजार ७२ रुपैयाँमा सम्पन्न भएको हो ।रासस

# बर्डफ्लू रोकथामका लागि सीमा क्षेत्रमा उच्च सतर्कता

काठमाण्डु । बर्डफ्लु भित्रिन नदिन कञ्चनपुरको सीमा क्षेत्रमा उच्च सतर्कता अपनाइएको छ । भारतको उत्तराखण्ड राज्यका बागेश्वर र उधमसिंह नगरलगायतका जिल्लामा सङ्क्रमण देखिएपछि सीमा क्षेत्रमा कडाइ गरिएको हो ।

भेटेरीनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र कञ्चनपुरका पशु विकास अधिकृत शिवराज भट्टका अनुसार भारतसँग जोडिएका दोधारा-चाँदनी, पुनर्वास, बेलौरी, बेलडाँडी र भीमदत्त नगरपालिकाका- ९ र १० मा विशेष सतर्कता अपनाइएको छ । "पक्षी तथा पक्षीजन्य पदार्थ सीमापार व्यापार गर्न नपाइने व्यवस्था गरिएको छ," उहाँले भन्नुभयो, "यदि अवैध रूपमा ल्याइएमा पशु स्वास्थ्य तथा पशु सेवा ऐन २०५५ अनुसार कानुनी कारबाही हुन्छ ।"

बर्डफ्लू नियन्त्रण समितिका संयोजक तथा प्रमुख जिल्ला अधिकारी लक्ष्मण ढकालको अध्यक्षतामा बसेको बैठकले सीमावर्ती नाका हुँदै पक्षी तथा पक्षीजन्य सामग्री आयातमा पूर्ण प्रतिबन्ध लगाउने निर्णय गरेको हो । साथै, किसान, व्यापारी, आपूर्तिकर्ता, जनप्रतिनिधि र स्थानीय तहलाई सचेतना कार्यक्रममार्फत जानकारी गराउने तयारी गरिएको छ ।

भट्टका अनुसार, रोकथामका लागि भेटेरीनरी अस्पताल, पशु सेवा विज्ञ केन्द्र, पशु क्वारेन्टाइन कार्यालय र सुरक्षा निकायका टोलीले आकस्मिक अनुगमन गर्ने व्यवस्था मिलाइएको छ ।रासस

**भुल सुधार गरिएको सम्बन्धी सूचना**

**(सूचना प्रकाशित मिति २०८२/०५/१२ गते बिहिबारको जनकपुर टुडे राष्ट्रिय दैनिक)**

यस बैंकबाट मिति २०८२/०५/११ गते बुधबारको जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित प्रभु बैंक लिमिटेड शाखा कार्यालय जलेश्वर, महोत्तरीका विभिन्न ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने तथा धितोमा रहेको सम्पपत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचनामा प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ८ औं दिन हुनु पर्नेमा भुलबस अन्यथा हुन गएकाले यसै सुचनाद्वारा भुलसुधार गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**विमालेख हरायो**

मेरो निम्न ब्यहोरा भएको लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेडको विमा लेख मिति २०८२/५/६ गते हराएकोले फेला पार्नु हुने महानुभावले तलको ठेगानामा अथवा नजिकको प्रहरी चौकीमा खबर गरिदिनु हुन अनुरोध छ ।

**नाम : ममता कुमारी साह**
**विमालेख नं.: १७००२५७१८**
ठेगाना: ताराप्ट्टी सिरसिया गा.वि.स., वार्ड नं.९
हाल : मिथिला बिहारी न.पा.-७, धनुषा
**मो.नं.९८१७८०२९९७**

**ज्योतिष-मार्गदर्शन**
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | आज काल योग परेकाले सवारी साधन चलाउँदा ख्याल गर्नुहोला । |
| वृष : | तपाईको कमजोरीको अरुले फाइदा उठाउन सक्नेछन् । |
| मिथुन : | लगानी गरी मनग्य आम्दानी गर्न सकिनेछ । |
| कर्कट : | व्यवसायमा थप लगानी गर्ने वातावरण बन्नेछ । मन खुशी रहनेछ । |
| सिंह : | पढाईलेखाईमा अन्य दिन भन्दा राम्रो प्रगति भए जानेछ । |
| कन्या : | नाफा कमाउन केही समय पर्खनुपर्ने देखिन्छ । |
| तुला : | माया प्रेमको गाँठो झनै कसिने योग छ । |
| वृश्चिक : | काम बिग्रने हुँदा लामो समयसम्म त्यसको प्रभाव देखिन्छन् । |
| धनु : | तपाईको खुट्टा तान्ने मानिसहरु हावी हुने तथा शत्रुहरु सलबलाउने छन् । |
| मकर : | समयको महत्व नबुझ्नाले अनावश्यक दुख पाइनेछ । |
| कुम्भ: | आज थालिएका जुनसुकै कामबाट भने जस्तै आम्दानी हुनेछ । |
| मीन : | आर्थिक कारोबार हुने सक्नेछ । |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
**9812005378**

**महत्वपूर्ण टेलिफोन नम्बरहरू**
जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

**रत्न सागर मन्दिर प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ५:०० बजे |
| बिहान पूजा आरती | ८:०० बजे |
| भोगराज लाग्ने समय | ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | १२:०० बजे |
| मन्दिर बन्द हुने समय | १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | ४००: बजे |
| रात्री आरती पूजा हुने समय | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | १०:०० बजे |

**जानकी मन्दिर प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| बिहान पूजा आरती | ०७:०० बजे |
| बिहान ढोका बन्द | १२:०० बजे |
| अन्न क्षेत्र | निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | ०७:३० बजे |

**राम मन्दिर प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| मंगल आरती | ०७:३० बजे |
| महाप्रसाद भोग | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०७:०० बजे |
| रात्रि भोग | ०९:०० बजे |
| पट बन्द | ०९:१५ बजे |



वीरगञ्जको नारायणी अस्पतालमा उपचाररत झाडापखाला र हैजाबाट प्रभावित बिरामी र कुरुवा बसेका आफन्त। *तस्विर : रासस*

# सिरहा–उदयपुर जोड्ने अन्तरप्रदेशीय नयाँ मार्ग खुल्ने

सिरहा । सिरहाको गोलबजारदेखिउदयपुरकोकटारी-६ स्थित रिस्कुसम्मको झण्डै २२ किलोमिटर लामो अन्तरप्रदेशीय नयाँ सडक मार्ग खोलिने भएको छ।



सघन सहरी तथा भवन निर्माण आयोजना, सप्तरीद्वारा निर्माण गरिने यो सडक पूर्व-पश्चिम राजमार्गलाई चुरे क्षेत्र पार गर्दै मदन भण्डारी लोकमार्गमा जोड्नेछ।

आयोजनाअन्तर्गत चालु आर्थिक वर्ष २०८२/८३ मा प्रारम्भिक चरणका लागि रु तीन करोड बजेट विनियोजन गरिएको छ । सघन सहरी आयोजनाका इञ्जिनियर उदयनारायण चौधरीले भन्नुभयो, "सडक निर्माणका लागि विस्तृत परियोजना प्रतिवेदन र प्रारम्भिक वातावरणीय मूल्याङ्कन तयार गर्न पाँच सदस्यीय सहयोग समिति गठन भइसकेको छ।

अब हामी चाँडै नै सडकको काम सुरु गर्छौं। चालु आवमै करिब तीन किलोमिटर सडक कालोपत्रे गर्ने लक्ष्य लिएको छौं ।" नयाँ सडकमार्ग गोलबजारको पुरानो चोहर्वा बजारबाट सुरु भई घुर्मी बजार हुँदै चुरेफेदीका बस्तीहरू पार गर्दै उदयपुरको रिस्कुसम्म पुग्नेछ। निर्माण पूरा भएपछि मदन भण्डारी राजमार्गसम्मको पहुँच सहज हुनेछ।

अहिले रिस्कुवासीलाई सिरहाको मर्चैया वा सप्तरीको कदमहा बजार हुँदै लामो र घुमाउरो बाटो प्रयोग गर्नुपर्ने बाध्यता छ। यसले उनीहरूको समय, खर्च र ऊर्जा दुवै खर्चिन्थ्यो। नयाँ सडकले दुरी छोटो हुने र बजारसम्म पुग्न सहज हुने भएकाले विशेष गरी चाडपर्वको समय घरायसी सामान तथा लत्ताकपडा किनमेल गर्न गोलबजार जान झन्झट नहुने उनीहरू बताउँछन्।

गोलबजार-१० निवासी क्षेत्रकुमार आले भन्नुहुन्छ, "सडक कालोपत्रे भएपछि यातायात सहज हुनेछ, व्यापार-व्यवसाय फस्टाउने र सहरी पूर्वाधारमा गति आउने विश्वास छ।"

गोलबजारका व्यापारी सञ्जय यादवले नयाँ सडकले पहाड र तराईबीच हुने ढुवानी सहज बनाउने बताउनुभयो । यस सडकले उदयपुरको उत्पादनलाई गोलबजारको व्यापारिक केन्द्रसम्म ल्याउन र त्यहाँबाट तराईको उपज पहाड पठाउन सहज हुने भएकाले कृषि क्षेत्रको विकासमा टेवा पुग्ने उहाँको भनाइ छ। उहाँले भन्नुभयो, "पहाडमा हुने उत्पादन तराईमा र तराईमा हुने उत्पादन पहाडमा पठाउन सजिलो हुनेछ । ढुवानी लागत कम हुँदा व्यापारमा प्रतिस्पर्धा बढ्नेछ।"

आयोजनाको प्रभावकारी कार्यान्वयनका लागि पूर्वकानुनमन्त्री तथा प्रतिनिधिसभा सदस्य लिलानाथ श्रेष्ठ, मधेस प्रदेशसभा सदस्य मनोजकुमार सिंह, गोलबजार नगरप्रमुख श्यामकुमार श्रेष्ठ, सम्बन्धित वडाध्यक्षहरू तथा आयोजना इञ्जिनियर चौधरीको सहभागितामा अनुगमन र समन्वयको संरचना बनाइएको छ।

पूर्वमन्त्री श्रेष्ठले समितिलाई एक महिनाभित्र सडकको ट्रेस (मार्ग) निर्धारण गरी प्रतिवेदन पेस गर्न निर्देशन दिनुभयो । उहाँ भन्नुभयो, "कामको जिम्मेवारी लिनेले निष्क्रिय बस्न मिल्दैन । समयमै काम सम्पन्न गर्नुपर्छ, नभए विगतझैं बजेट फ्रिज भएर जान्छ । त्यसैले, सक्रियताका साथ लाग्न सबैलाई विशेष आग्रह गर्दछु ।" साथै उहाँले उदयपुरतर्फको कामका लागि जनप्रतिनिधिसँग समन्वय भइरहेको जानकारी दिनुभयो।

सिरहा-उदयपुर जोड्ने यो अन्तरप्रदेशीय सडकमार्गले दुर्गम क्षेत्रलाई सहरी पूर्वाधारसँग जोड्नेछ। आवागमनमा सहजता ल्याउनुका साथै व्यापार, कृषि, पर्यटन र स्थानीय सेवा सुविधामा दीर्घकालीन प्रभाव पार्ने चोहर्वा बजार विकास समितिका अध्यक्ष नागेन्द्रकुमार महतोको भनाइ छ।रासस

# संवैधानिक इजलास गठनमा विवाद छैन : प्रधानन्यायाधीश राउत

काठमाण्डु । प्रधानन्यायाधीश प्रकाशमान सिंह राउतले संवैधानिक इजलास गठनमा विवाद र मतभेद नरहेको बताउनुभएको छ। बुधबार प्रधानन्यायाधीश राउतसहित वरिष्ठतम् न्यायाधीश सपना प्रधान मल्ल, डा नहकुल सुवेदी, तिलप्रसाद श्रेष्ठ र विनोद शर्माको इजलास गठन गरिएको छ। प्रधानन्यायाधीशले आफूले तोकेको चार न्यायाधीश तोक्ने पाउने संवैधानिक अधिकार प्रयोग गरेर इजलास गठन गरेको बताउनुभएको हो।

संविधानको धारा १३७ कामका कारणले संवैधानिक इजलास राख्न नसकिएको हो", प्रधान न्यायाधीश राउतले आज पत्रकारसँग भन्नुभयो, "संवैधानिक इजलास गठन गर्न संविधानले नै प्रधान न्यायाधीशलाई संवैधानिक अधिकार दिएको छ, त्यही प्रयोग गरेर मैले इजलास गठन गरे ।"

संवैधानिक इजलास गठनका बारेमा धेरै भ्रमहरु फैलाउने भएको उल्लेख गर्दै उहाँले भन्नुभयो, "संवैधानिक इजलास गठनको विषयमा संविधानमै स्पष्ट व्यवस्था गरेको छ, अदालतको गरिमा, मर्यादा,



को संवैधानिक इजलासको गठनसम्बन्धी व्यवस्था रहेको छ।

त्यसको ९१० मा सर्वोच्च अदालतमा एक संवैधानिक इजलास रहनेछ। त्यस्तो इजलासमा प्रधानन्यायाधीश र न्याय परिषद्को सिफारिसमा प्रधानन्यायाधीशले तोकेको अन्य चार जना न्यायाधीश रहने छन् भनिएको छ।

"संवैधानिक इजलास गठनमा कुनै विवाद थिएन, न्यायाधीश नियुक्ति, सरुवालगायतको जरुरी पारदर्शी र जिम्मेवार बनाउन लागिरहेको छु।"

सर्वोच्च अदालतको पूर्ण बैठक ९फुलकोर्ट०मा एक वर्षको कार्ययोजनाको छलफलका क्रममा संवैधानिक इजलासलाई व्यवस्थित बनाउने विषयमा छलफल भएको भए पनि कुनै पनि विवाद नभएको उहाँको भनाइ थियो ।बीचमा केही समय रोकिएको संवैधानिक इजलास आजदेखि सञ्चालनमा आएको छ। संवैधानिक इजलासमा २२८ मुद्दा छन्।
रासस

# उखु किसानलाई अनुदान निकासा, बिहीबारसम्म किसानको खातामा रकम जाने



काठमाण्डु । सरकारले उखु किसानहरुलाई प्रोत्सहान, अनुदान वापतको रकम निकासा गरेको छ।

अर्थ मन्त्रालयले यसका लागि रु ७५ करोड ४९ लाख ३८ हजार २४० निकासा गरेको हो। निकासा गरिएको रकम जिल्लास्थित कोष तथा लेखा नियन्त्रकको कार्यालयमार्फत किसानको बैंक खातामा भुक्तानी हुने कृषि तथा पशुपन्छी विकास मन्त्रालयले जनाएको छ।

मन्त्रिपरिषद्को बैठकले यसपटक उखु किसानलाई प्रतिक्विन्टल रु ३५ अनुदान उपलब्ध गराउने निर्णय गरे पनि प्राविधिक कारण जनाउँदै अर्थ मन्त्रालयले निकासा गर्न ढिलाइ गरेको थियो । यो रकम प्राप्त हुन नसक्दा उखु किसानले काठमाडौं केन्द्रित आन्दोलन गर्दै आएका छन्।

यसअघि उखु किसानहरुले प्रतिक्विन्टल रु ७० प्रोत्साहन स्वरुप पाउँदै आएका थिए । कृषि मन्त्रालयले उखु किसानलाई यतिनै रकम उपलब्ध गराउन मन्त्रिपरिषद्मा प्रस्ताव लगेको भएपनि मुलुकको आर्थिक अवस्था, आवश्यकताका आधारमा रु ३५ उपलब्ध गराउने निर्णय भएको थियो। रासस

# मुख्यमन्त्री कार्की र इजरायलका राजदूत बासबीच भेटवार्ता

मोरङ । कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्की र नेपालका लागि इजरायली राजदूत श्मुलिक आरि बासबीच बुधबार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय विराटनगरमा भेटवार्ता भएको छ।



सो भेटवार्तामा मुख्यमन्त्री कार्कीले नेपाल र इजरायलबीच ऐतिहासिक मित्रताको सम्बन्ध रहेको चर्चा गर्दै यसलाई अझ सुदृढ बनाउँदै लैजानुपर्नेमा जोड दिनुभयो । उहाँले कृषि, श्रम, रोजगार, स्वास्थ्यलगायत क्षेत्रमा इजरायलसँग सहकार्य हुँदै आएको बताउँदै नेपाली मुख्यतया कृषि र 'केयर गिभर' (हेरचाहकर्ता) का रूपमा इजरायलमा कार्यरत भएकाले यसलाई व्यवस्थित बनाउनुपर्ने धारणा राख्नुभयो।

नवप्रवर्तन र प्रविधि हस्तान्तरणमा इजरायलको अनुभव नेपालका लागि उपयोगी हुने उल्लेख गर्दै मुख्यमन्त्री कार्कीले कोशी प्रदेश सरकार पनि इजरायल सरकारसँग सहकार्य गर्न तयार रहेको स्पष्ट पार्नुभयो। इजरायलको आधुनिक कृषि प्रविधिका माध्यमबाट भएको प्रगतिको प्रशंसा गर्दै उहाँले कोशी प्रदेश कृषि उत्पादनका लागि सम्भावना बोकेको क्षेत्र भएकाले सहकार्यको लागि तयार रहेको बताउनुभयो।

मुख्यमन्त्री कार्कीले कोशी प्रदेश सरकारले कृषिमा उद्यमशीलता विकास गर्न ब्याज अनुदान दिएर युवालाई कृषि पेसामा आकर्षित गर्ने योजना ल्याएको जानकारी गराउनुभयो। उहाँले प्रदेशका कृषकलाई शैक्षिक र व्यावहारिक तालिमको व्यवस्था गर्न सके कृषिका माध्यमबाट आर्थिक विकासमा योगदान पुऱ्याउन सकिने विश्वास व्यक्त गर्नुभयो।

मुख्यमन्त्री कार्कीले नेपाली युवा विपिन जोशीको रिहाइका लागि पहल गरिदिन पनि आग्रह गर्नुभयो । उहाँले भन्नुभयो, "कोशी प्रदेश सरकार महामहिम राजदूतमार्फत जोशीको रिहाइको लागि आग्रह गर्दछ।" मनमोहन प्राविधिक विश्वविद्यालय बूढीगङ्गा मोरङ, गौरादह कृषि क्याम्पस झापालगायत प्रदेशका कृषि क्याम्पसहरूसँग सहकार्य गरेर अगाडि बढ्नका लागि पनि मुख्यमन्त्री कार्कीले आग्रह गर्नुभयो।

सो अवसरमा इजरायली राजदूत बासले नेपाल र इजरायलको सम्बन्ध पुरानो र प्रगाढ रहेको धारणा राख्नुभयो। उहाँले पहिलो जननिर्वाचित प्रधानमन्त्री बिपी कोइरालाको पालादेखि नेपाल र इजरायलको सम्बन्ध सुमधुर रहेको बताउनुभयो।

इजरायलमा केयर गिभर र कृषि क्षेत्रमा काम गर्ने प्रशस्त अवसरहरू रहेका जनाउँदै त्यसमा सीप, क्षमता विकास गरी जनशक्ति लैजान सकिने बताउनुभयो। कृषि क्षेत्रमा काम गर्न र सहकार्य गर्न इजरायल सरकार तयार रहेको भन्दै उहाँले कोशी प्रदेशसँग पनि आगामी दिनमा सहकार्य गर्न सकिने जानकारी दिनुभयो।

नेपालमा कृषि काम गर्ने ५० प्रतिशतभन्दा बढी जनशक्ति भए पनि सोअनुसारको प्रगति नभएको बताउँदै राजदूत बासले इजरायलमा थोरै जनसङ्ख्या कृषिमा काम गर्ने भए पनि उल्लेख्य प्रगति भएको उदाहरण दिनुभयो। उहाँले कृषि क्षेत्रमा नयाँ प्रविधिको प्रयोगमार्फत प्रगति हासिल गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।रासस

# पार्टीमा गुटबन्दी गर्न नदिने अध्यक्ष दाहालको प्रतिबद्धता

काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले पार्टीप्रति जनताको भरोसा पुनः बढ्दो क्रममा रहेको बताउनु भएको छ। साथै उहाँले पार्टीमा गुटबन्दी हुन नदिने प्रतिबद्धता व्यक्त गर्नुभएको छ।



कर्णाली प्रदेशको बुधबार भएको पूर्ण बैठकलाई श्रव्यदृश्यका माध्यमबाट सम्बोधन गर्दै उहाँले स्थानीय तह, स्वतन्त्र विद्यार्थी युनियन, नेपाल पर्वतारोहण सङ्घलगायत संस्थाको निर्वाचनमा माओवादी केन्द्र निकट उम्मेदवारहरूको विजयलाई जनविश्वासको प्रतीकका रूपमा चित्रण गर्नुभएको अध्यक्ष दाहालको निजी सचिवालयले जनाएको छ।

पार्टीभित्र द्वन्द्व सृजना हुन नदिने, गुटबन्दी, अराजकता र अनुशासनहीनताको अन्त्य गर्दै पार्टीलाई सुदृढ र एकताबद्ध बनाउने सङ्कल्प स्थायी समितिले गरिसकेको जानकारी दिँदै अध्यक्ष दाहालले शिक्षा विधेयकलगायत विभिन्न राष्ट्रिय मुद्दामा माओवादी केन्द्रले लिएको अडानले जनस्तरमा सकारात्मक सन्देश प्रवाह गरेको बताउनुभयो ।रासस






# साउनमा १४ अर्बभन्दा बढी सरकारी ऋण थप

काठमाण्डु । चालु आर्थिक वर्ष २०८२/८३ को पहिलो महिनामा रु १४ अर्बभन्दा बढी सरकारी ऋण थपिएको छ। सार्वजनिक ऋण व्यवस्थापन कार्यालयद्वारा प्रकाशित गत साउन मसान्तसम्मको सरकारी ऋणको प्रतिवेदनअनुसार चालु आवको सुरुमा कूल सार्वजनिक ऋण रु २६ खर्ब ६९ अर्ब ५७ करोड रहेकामा साउन मसान्तसम्ममा रु १४ अर्ब दुई करोड वृद्धि भई रु २६ खर्ब ८३ अर्ब ६० करोड पुगेको हो । यो कूल गार्हस्थ्य उत्पादनको ४३ दशमलव ९४ प्रतिशत हुन आउने सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले जनाएको छ।




कूल सार्वजनिक ऋणमा वैदेशिक ऋणको हिस्सा ५२ दशमलव २६ प्रतिशत अर्थात् रु १४ खर्ब दुई अर्ब ४७ करोड ६५ लाख छ भने आन्तरिक ऋणको हिस्सा ४७ दशमलव ७४ प्रतिशत रहेको छ । चालु आवका लागि सरकारले रु पाँच खर्ब ९५ अर्ब सार्वजनिक ऋण परिचालन गर्ने लक्ष्य राखेकामा साउन मसान्तसम्ममा रु ४४ अर्ब ५७ करोड ऋण उठाइसकेको कार्यालयले जनाएको छ।

वार्षिक लक्ष्यको तुलनामा कूल सार्वजनिक ऋण प्राप्ति सात दशमलव ४८ प्रतिशत बराबर रहेको जनाइएको छ। आन्तरिकतर्फ रु तीन खर्ब ६२ अर्ब ऋण उठाउने लक्ष्य रहेकामा पहिलो महिना ११ दशमलव शून्य पाँच प्रतिशत अर्थात् रु ४० अर्ब ऋण उठाइएको हो। बाह्यतर्फ रु दुई खर्ब ३३ अर्ब ६६ करोड ३१ लाख ऋण उठाउने लक्ष्य रहेकामा साउनमा एक दशमलव ९६ प्रतिशत अर्थात् रु चार अर्ब ५७ करोड ४८ लाख बराबर ऋण उठाइएको कार्यालयले जनाएको छ।

त्यस्तै, चालु आर्थिक वर्षमा सरकारी ऋणको साँवा ब्याज तिर्नका लागि रु चार खर्ब ११ अर्ब एक करोड बजेट विनियोजन भएकामा साउन मसान्तसम्ममा रु ३६ अर्ब ६८ करोड भुक्तानी भइसकेको छ । वार्षिक बजेट विनियोजनका आधारमा सरकारी ऋणको साँवा ब्याज तिर्नका लागि छुट्याइएको बजेट आठ दशमलव ९३ प्रतिशत बराबर रहेको छ। रासस


# इम्बोस्ड नम्बर प्लेट जडान नगर्दा कुनै कारवाही हुँदैनः विभाग

काठमाण्डु । यातायात व्यवस्था विभागले इम्बोस्ड नम्बर प्लेट जडान नगरेको खण्डमा जरिवाना वा कारवाहीमा परिने भनी गरिएका प्रचारमा सत्यता नभएको स्पष्ट पारेको छ।

विभिन्न सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा आगामी असोज १ गतेदेखि इम्बोस्ड नम्बर प्लेट वडान नगर्ने सवारीधनी कारवाहीमा पर्ने तथा जेल जानुपर्ने भनी भएको प्रचारमा सत्यता नभएको विभागले प्रेस विज्ञप्तिमार्फत जानकारी गराएको छ।

विभागले तत्काललाई कुनै पनि प्रकारको दण्ड जरिवाना नगरिने र आफू अनुकूल सवारी दर्ता गरेको यातायात कार्यालयमा गई स्वःस्फूर्त ढङ्गले इम्बोस्ड नम्बर प्लेट जडान गरी डिजिटाइजेन कार्यमा सहयोग गर्न अनुरोध गरेको छ।

विभाग एवम् प्रदेश कार्यालयबाट जडान सहजताका लागि उक्त स्थानमा पूर्वाधार र जनशक्तिको व्यवस्था गरिएको र सेवाग्राही तथा सवारीसाधनको सहजताका लागि आवश्यकताअनुसार थप प्रबन्ध गरिएको जानकारी दिएको छ ।रासस



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

## प्रहरीमाथिको कारबाहीले उब्जिएको प्रश्न

शान्ति र सुरक्षाका लागि सत्य मेय विजयते मूल नाराका साथ सर्वसाधारणसम्मको धनजनदेखि सामाजिक न्यायका लागि समेत अग्रपंक्तिमा रहेर जनताको सेवामा अहोरात्र खट्ने प्रहरीमाथि नेपाल प्रहरीले कारबाही प्रक्रिया अघि बढाएको छ । जसमध्ये एक सयभन्दा बढी प्रहरीलाई जिम्मेवारीमुक्त गरिएको जनाएको छ । उनीहरुमाथि मधेश प्रदेशमा तस्करी र अनियमितताका घटना बढिरहेका बेला प्रदेश प्रहरी कार्यालयले एकै पटक १ सय १३ जना प्रहरीलाई जिम्मेवारीबाट हटाएको जनाइएको छ । यस कदमलाई प्रहरी प्रशासनमा देखिएको भ्रष्टाचार र गैरकानुनी कार्यलाई नियन्त्रण गर्ने प्रयासका रूपमा हेरिएको छ । लामो समयदेखि प्रहरीकै मिलेमतोमा तस्करी मौलाएको आरोप लागिरहेका बेला यस प्रकारको कारबाहीले प्रहरी संगठनभित्र पारदर्शीता र जवाफदेहिता बढाउने अपेक्षा गरिएको छ । तर यससंगै प्रहरीमाथि विभिन्न आरोप र प्रश्न पनि उब्जिएको छ । कारबाहीमा परेका प्रहरीमध्ये सादा पोशाकमा खटिने घुमुवा प्रहरीको संख्या पनि उल्लेख्य छ । ती घुमुवाहरूले सूचना संकलन र अपराध नियन्त्रणमा सहयोग गर्ने भनिए पनि उनीहरूकै संलग्नतामा विभिन्न गैरकानुनी धन्दा चलिरहेको आरोप लाग्दै आएको थियो । मधेश प्रदेशका आठ वटै जिल्लामा गरिएको कारबाहीले संगठनमा देखिएको 'रोग' को उपचार गर्ने प्रहरी प्रशासनले अवब्य पनि प्रतिवद्धता देखाउनै पर्छ । तर, यस कारबाहीलाई लिएर शान्ति सुरक्षामाथिको प्रश्नचिन्ह पनि उठेको छ । विगतमा पनि यस्ता कारबाहीहरू भएका थिए । तर त्यसले दीर्घकालीन रूपमा कुनै सुधार ल्याउन सकेन । कतिपय अवस्थामा ठूला तस्कर वा अपराधीसंगको साँठगाँठलाई ढाकछोप गर्न साना कर्मचारीलाई मात्र कारबाही गरिएको आरोप पनि लाग्ने गरेको छ । अहिलेको कारबाहीले पनि उपल्लो तहका अधिकारीहरूलाई नछोएको र तल्लो तहका कर्मचारीलाई मात्र निशाना बनाइएको गुनासो पनि सुनिन थालेको छ । सुशासनका लागि यस कदमले सकारात्मक सुरुवात हुन सक्ने संकेतको रुपमा पनि लिएको छ । तर यो भने पर्याप्त होइन । जबसम्म प्रहरी संगठनभित्र 'चेक एन्ड ब्यालेन्स' को प्रणाली बलियो हुँदैन, र उच्च अधिकारीहरूलाई पनि उनीहरूको कार्यसम्पादनको आधारमा जवाफदेही बनाइँदैन । तबसम्म यस्ता अनियमितताका घटना दोहोरिरहने शंका आफ्नो ठाउँमा छदैँछ । त्यसैले यस कारबाहीलाई निरन्तरता दिँदै यसको दायरालाई अझै फराकिलो बनाउन आवश्यक देखिन्छ । प्रहरी संगठनभित्रको भ्रष्टाचारलाई जरोदेखि नै उखेल्नका लागि यस कदमलाई महत्वपूर्ण अवसरको रुपमा लिनु पनि पर्छ । यदि यसलाई प्रभावकारी र पारदर्शी ढंगले अगाडि बढाइएन भने यो कदम पनि मिडिया फोयिबाकै रुपमा हेरिने छ ।

# मुलुकी संहिता, कानुनको पालना र न्यायालयको भूमिका

अहिलेको सरकारले कानुन कार्यान्वयनको सन्दर्भमा अनुभव गरिएका कुराहरूको आधारमा कमीकमजोरीहरू हटाउने र कानुनलाई अझ समृद्ध बनाउने ढङ्गले कानुन संशोधनसम्बन्धी अनेक प्रयास अगाडि बढाइरहेको छ ।

नयाँ कानुनहरूको पनि निर्माण गरिरहेको छ र पुराना कानुनहरूलाई पनि आवश्यक संशोधन परिमार्जन गर्न अगाडि बढिरहेको छ । हामीले थुप्रै विधेयकहरु यसै अधिवेशनबाट पनि पारित गरेका छौँ, संशोधन गरेका छौँ । कति नयाँ पनि ल्याएका छौँ र यो सिलसिला अगाडि बढी नै रहन्छ । यो निरन्तरको सिलसिला हो ।

नेपाल लामै समयसम्म एउटा पछौटेपनमा अल्झिरहेको समाज हो । धेरै हजार वर्षसम्म पनि जुन सामाजिक मूल्य मान्यताहरू यस समाजले विकास गर्‍यो, ती मूल्य मान्यताहरूको आधारमा चल्दै रहेको समाज हो । पछिल्लो समयमा आएर विभिन्न खालका संहिता र ऐनका अभ्यासहरू जति जानकारी पाउँदै गयो, त्यस आधारमा त्यसलाई आफ्नो परिस्थितिअनुसार कार्यान्वयन गर्ने प्रयास पनि गर्दै गयो । विभिन्न संहिताहरूमा धेरै प्रख्यात, धेरै चलेको भनेको मनुस्मृति पनि हो । तर मनुस्मृतिलाई मनुले जे लेखेका थिए, त्यसबाट विकृत बनाएर त्यसलाई विकृत मात्र होइन, विद्रुप नै बनाइयो । नेपाली समाज, पूर्वीय समाज, पूर्वीय शासन विधि र पद्धति अनुपयुक्त छन् भन्न देखाउनका लागि विभिन्न प्रकारका थप नयाँ श्लोकहरू मनुस्मृतिमा थपिए र त्यसलाई विद्रुप बनाइयो । धेरै मनुले नभनेका कुराहरू त्यहाँ आए, जो समाजका लागि त्यो अत्यन्त हानिकारक छन् ।

पछिल्लो समयमा पनि त्यसका प्रभावहरू, ती गलत कुराहरूका प्रभावहरू रहे र कतिपय कुराहरूलाई धर्मको आड लिएर पनि गलत कुराहरू कार्यान्वयन हुने गरे । सती प्रथा पनि सबैका सबै महिलाहरू श्रीमान् मृत्युपछि सती जानै पर्ने भन्ने थिएन । त्यो बलिया घरानाका, लडाइँका र प्रतिशोधका चक्रमा त्यो पर्थे । जस्तो, चाहे राजराजेश्वरीका कुरा गरौँ अथवा भीमसेन थापाका कुरा गरौँ, अरूका कुरा गरौँ । त्यसबेला पनि कसका श्रीमतीलाई सती पठाउने, कसका श्रीमतीलाई सती नपठाउने भन्ने हुन्थ्यो । ती सबैलाई पठाउने होइन, जो रिस उठेको छ त्यसलाई पठाउने । त्यो कुरा १९७७ सालमा गएर हट्यो । यो एउटा ठूलो प्रगति हो । विसं १९८० तिर गएर दास प्रथा उन्मूलन भयो । यी ठूल्ठूला सुधारहरू हुँदै आए । सामाजिक न्यायको पक्षमा कुरा हुँदै आए ।


विसं २०२० को मुलुकी ऐनले जति सामाजिक न्याय र समानताको पक्षमा खुलस्त बोल्यो, त्यसरी अघिल्ला ऐनले बोल्न सकेका थिएनन् । त्यसले अलिक राम्ररी बोल्यो । र त्यसैकारण मानिसहरूले छुवाछूत उन्मूलन दिवस भनेर २०२० साल भदौ १ गते मुलुकी ऐन जारी भएको सन्दर्भ पारेर मनाउने गरियो । मुलुकी ऐनकमो विकासक्रम हुँदै आएर आज हामी लोकतान्त्रिक प्रणालीअन्तर्गत छौँ ।

लोकतान्त्रिक प्रणाली भनेको सामाजिक न्याय र समानतासहितको प्रणाली हो । अहिले हामीले लोकतान्त्रिक प्रणालीलाई एउटा परिपूर्ण लोकतन्त्र भनेका छौँ । यसलाई राजनीतिक लोकतन्त्र (पोलिटिकल डेमोक्रेसी) मात्रै होइन, सम्पूर्ण सामाजिक जीवनका, आर्थिक जीवनका, सांस्कृतिक जीवनका सबै क्षेत्रहरूमा पूर्ण लोकतन्त्र (कम्प्रिहेन्सिभ डेमोक्रेसी) भनेका छौँ । परिपूर्ण लोकतन्त्र र सम्पूर्ण क्षेत्रमा लोकतन्त्र अहिलेको आवश्यकता हो, जसले कहीँ पनि असमानता, कतै पनि भेदभाव, कतै पनि विभेद, कतै पनि थिचोमिचो जस्ता कुराहरूलाई मान्दैन । त्यसैअनुसार हामीले २०७५ भदौ १ गतेदेखि लागू भएका पाँचवटा संहिताहरूले ती कुराहरूलाई प्रतिविम्बित गर्न खोजेको छ ।

त्यसो त पूर्ण (पर्फेक्ट) फेरि पनि हुँदैन । तिनीहरू माथि कस्ता संशोधन गर्नुपर्छ र कस्ता संशोधन ल्याउनुपर्छ, कुराहरु आएका छन् । त्यसबेला प्रायः ठीकै देखेर गरिन्छ, अलिपछि हेर्दाखेरि कार्यान्वयनको क्रममा अनुभव गर्दै जाँदा तिनीहरूमा कमी कमजोरी भएको देखिन्छ र त्यसमा सुधार ल्याउनुपर्ने, संशोधन गर्नुपर्ने हुन्छ । आज हामी संशोधन गर्न अगाडि जाँदै छौँ ।

अहिले एउटा धुमधाम हल्ला चलेको छ । बहुविवाहलाई मान्यता दिन खोजियो भन्ने नचाहिँदो हल्ला । बहुविवाह गर्न यो सरकारले स्वीकृति दिने भयो, संसद्मा कानुन ल्याउने भए, पास हुने भयो भनेर हल्ला चलाए । वास्तवमा बहुविवाहलाई मान्यता आजको समाजले दिन्छ भन्ने कुरा नै सोच्न सकिने कुरा होइन । एकजना अभियन्ता एउटी चेली मसँग आइपुग्नुभयो र बडो चर्को स्वरमा भन्नुभयो, "हेर्नुहोस् यो बहुविवाह हामी कुनै हालतमा मान्दैनौँ ।" मैले सोधेँ, "कसले मान्यता दिन लागेछ बहुविवाह ? मलाई थाहा त हुनुपर्ने हो । मन्त्रिपरिषद्ले पास गरेर संसदमा पठाउनुपर्छ विधेयक । पास गरेको छैन । अनि कहाँबाट आयो तपाईंलाई यो सूचना ?" उहाँले अलिकति चर्कै स्वरमा भन्नुभयो, "यो भइसक्न आँट्यो, हुनै आँटेको छ । यो कुनै हालतमा मान्दैनौँ, कुनै हालतमा हुन दिन्नौँ ।" मैले फेरि भनेँ, "यस्तो केही कतै भएको छैन ।" अनि उहाँको स्वभावअनुसार म र उहाँको एकछिन संवाद भयो । त्यसपछि उहाँ फर्किनुभयो । यस्तो हल्लाको पछाडि नलागौँ ।

समाज कहिले कहिले केही केही कुरामा कुनै कुनै परिस्थितिमा पछाडि फर्किन्छ । इरानमा राजतन्त्र हट्यो । त्यसपछि धर्ममा चल्ने अनुदार शासन आयो, जसले गर्दा कतिपय कानुनहरू, सामाजिक व्यवहारहरू प्रतिगामी देखापरे, पश्चगमनकारी देखापरे, त्यस्तो भयो । एकातिर राजतन्त्र हट्यो, गणतन्त्र आयो । त्यो राम्रो कुरा हो तर गणतन्त्र आएर पनि फेरी पुरानो समयको धार्मिक कानुन र धार्मिक संहिताअन्तर्गत समाज चल्नुपर्ने अवस्थामा फर्किदा त्यसले समाजलाई खास अगाडि बढ्न योगदान गर्न सकेन । पछाडि फर्कायो । विस्तारै त्यसमा उदारता आउँदै गएको छ । कतिपय ठाउँमा त्यस्तो भएको देखिन्छ । तर ती क्षणिक कुराहरू हुन् । त्यहाँ लोकतन्त्र स्थापना भएन तर लोकतान्त्रिक गणतन्त्र स्थापना भएन ।



"सम्पूर्ण क्षेत्रमा लोकतन्त्र अहिलेको आवश्यकता हो, जसले कहीं पनि असमानता, कतै पनि भेदभाव, कतै पनि विभेद, कतै पनि थिचोमिचो जस्ता कुराहरूलाई मान्दैन ।

केपी शर्मा ओली
प्रधानमन्त्री

हामीले यहाँ लोकतान्त्रिक गणतन्त्र भनेका छौँ । डेमोक्रेटिक रिपब्लिक, यो रिपब्लिक मात्र होइन, डेमोक्रेटिक रिपब्लिक, डेमोक्रेटिक रिपब्लिकमा प्रतिगमन हुन सक्दैन । त्यसकारण हाम्रा कानुनमा, हाम्रा संहिताहरूमा, हाम्रा ऐनमा हामीले प्रतिगमन हुँदैन भन्ने कुराको प्रत्याभूति गर्न सक्छौँ । सरकारले प्रतिगमनकारी कुनै कानुनको मस्यौदा संसद्मा पढाउँदैन । हेर्न छुटेको कुनै कारणवश कहीँकतै कमी हुन सक्छ । त्यसैकारण त संसद् छ, त्यत्रो जनप्रतिनिधिहरूले छलफल गरेर पारित गर्नुपर्ने विषय हो । अहिलेको सरकारले सकेसम्म लोकतान्त्रिक मस्यौदा पठाउँछ, कानुन निर्माणका लागि र संसद्ले त्यसमा आधारित भएर छलफल गर्छ ।

कानुन कार्यान्वयनका लागि सबै निकायहरूको सन्तुलित शक्तिपृथकीकरणको सिद्धान्तअनुसारको भूमिका हुनुपर्दछ । आफूमा निहित र आफूबाट निश्रित अधिकारको प्रयोग गरी 'बक्सेका छौँ' जस्तो ठान्थे । अहिले कसैमा त्यस्तो अधिकार निश्रित पनि हुँदैन, कतै निहित पनि हुँदैन । कतै निश्रित भएर अधिकार आउने पनि होइन । जनताको अधिकारलाई रक्षा गर्नका लागि हामीले विभिन्न ठाउँहरुमा ती अधिकारहरू प्रत्यायोजित गरेका हुन्छौँ । अधिकार प्रत्यायोजनको सबैभन्दा मुख्य थलो र प्रक्रिया भनेको निर्वाचन हो । निर्वाचनले जनप्रतिनिधि छान्छ, जनप्रतिनिधिले संविधान निर्माण वा संशोधन गर्छन्, कानुन बनाउँछन् र त्यस कानुनले सबै चिजलाई आफ्ना-आफ्ना स्थान दिएको हुन्छ । त्यसको सम्पूर्ण कुराको मूल व्याख्याता फेरि पनि संसद् नै हो । किनभने जनताले अधिकार प्रत्यायोजन गरेको त संसद्लाई मात्रै हो । अरुलाई प्रत्यायोजन गरेको हुँदैन । संसद्ले संविधान र कानुन बनाएर त्यसमार्फत प्रत्यायोजित अधिकार मात्रै अरुले प्रयोग गर्ने हो । त्यसकारण आफूलाई छुट्टै विशेषाधिकार र पृथक ठान्नु हामी कसैले पनि हुँदैन ।

न्यायालयलाई म प्रधानमन्त्रीको हैसियतले भन्न चाहन्छु, न्यायालयलाई आफ्नो कार्य सम्पादनको सन्दर्भमा कार्यकारिणीको तर्फबाट पूराका पूरा साथ सहयोग रहन्छ । शक्तिपृथकीकरणको सिद्धान्तलाई सरकारले मान्छ र मान्नुपर्छ । न्यायालयको स्वतन्त्र भूमिकालाई सरकारले पूर्ण रूपमा सम्मान गर्दछ । यसको अर्थ, फेरि अब कुनै विचारै हुँदैन, सम्मान भनेको पञ्चायतकालीन जयजयकार गर्ने काम मात्रै हो भन्ने कुरा होइन । यसमा मर्का पर्‍यो, अन्याय पर्‍यो भन्न पाउने ठाउँहरू रहन्छन् । हिजो पनि थिए र फेरि पनि रहन्छ । राणाशासनमा अघिपछि बोल्न नपाए गाईजात्रामा बोल्न दिइन्थ्यो । अहिले गाईजात्रामा बोल्न पाउने मात्र होइन कि छाडातन्त्रमा गइसक्यो । गाईजात्राको त गाईजात्रै गराइसके गाईजात्रवालाहरुले ।

हामीले जनतालाई कसरी सही ढङ्गले न्याय दिने भन्ने कुरामा ध्यान केन्द्रित गर्नुपर्छ । पहिले प्रहरीले मन परेकाको उस्तै पर्दा मुद्दा दर्ता गरिदिन्छ, उस्तै पर्दा मुद्दा दर्ता नै गर्दैन भन्ने गुनासा आउँथे । प्रमाणहरू कहाँबाट कता पुऱ्याउने भएपछि मान्छेले न्याय कहाँबाट पाउने ? त्यसकारण प्रहरी ठीक ठाउँ हुनुपर्‍यो । महान्यायाधिवक्ता कार्यालयको अभियोजनका कुरामा सही ढङ्गको अभियोजन हुनुपर्‍यो ।

न्यायालय अत्यन्त निष्पक्ष ढङ्गले, निष्पक्ष भावका साथ, प्रतिकमा आँखामा पट्टी बाँधेको हुन्छ । यथार्थमा पट्टी बाँधेको हुँदैन, चारैतिर हेरिराखेको हुन्छ । मैले आफूले देखेको छु, म आफैँ भोगेको छु । कुनै पनि प्रकारको कसुर नगरिकन १४ वर्ष जेल बसेको छु । त्यहाँ कसुर भन्ने हो भने राजतन्त्र उपयुक्त होइन भन्ने मलाई लागेको थियो, मैले त्यो विचार व्यक्त गरेको हुँ । राजतन्त्र उपयुक्त हुँदै होइन ।

जन्मसिद्ध श्रेष्ठताको सिद्धान्तमा कुनै आधार हुँदैन, वैज्ञानिकता हुँदैन, तथ्य हुँदैन । कुनै जातको आधारमा, कूल घरानाको आधारमा वा केहीको आधारमा पनि जन्मसिद्ध श्रेष्ठताको सिद्धान्त एउटा 'हिपोक्रेसी' मात्रै हो, अरु केही पनि होइन । मैले यो कुरा संयुक्त राष्ट्रसङ्घको वडापत्र पढेर मानव अधिकार घोषणापत्र पढेर र पुराना विद्वान्हरूका पनि कुराहरू सानैबेला बुझेको हुँ । जन्मिँदा सबै बराबर हुन्छन् र जन्मले सबै बराबर छन् भनेको कुराबाट मैले २०२३ सालदेखि जानेँ । छुवाछूत भन्ने कुराहरु, ठूलासाना भन्ने कुराहरू, आफ्ना आफ्ना पद ओहदाका जिम्मेवारीका कुराहरू होलान् तर कोही विशेष, कोही चाहिँ केही न केही भन्ने कुरा केही पनि होइन । सबै मानव जाति महान् छ । सबैले सम्मान प्राप्त गर्नुपर्छ र सम्मानित जीवन बाँच्न पाउनुपर्छ । म आफैँ भुक्तभोगी छु ।

मैले एउटा जेल संस्मरणमा लेखेको छु, "१८ वर्ष पूरा भएपछि सर्वस्वसहित जन्म कैद पायो एउटा मान्छेले । सर्वस्वसहित जन्मकैद भयो । सर्वस्व पनि गयो र जन्मकैदको फैसला भयो र १८ वर्ष पूरा गरिसकेपछि सर्वोच्चबाट १८ वर्ष पुगेर १९ वर्ष लागेपछि सर्वोच्चबाट उसले सफाइ पायो निर्दोष छ भनेर । त्यो फैसला सुनाउँदा उसमा कुनै प्रकारको भाव केही पनि आएन । उसले चुपचाप सुन्यो । भोलिपल्ट छुटुवा पुर्जी आयो, अब तँ जा भनेर । अनि उसले ओढ्ने, ओछ्याउने, सिरानी पोको पारेको थियो । जेलको ढोकासम्म त्यो पोको लिएर आयो ।

जेल छोड्ने बेलामा ढोकाबाट बाहिर निकाल्दा म कहाँ जानेँ भनेर सोध्यो । अघिल्ला दिनदेखि नबोलेको मान्छे, त्यतिबेला म कहाँ जाने भनेर सोध्यो । अब तिमी बसपार्क जाउ भने । अनि के गर्ने ? भन्यो । बस चढेर जाउ भन्यो । चढ्न त चढेर जाने तर ओर्लिने कहाँ ? भन्ने सोध्यो । धन सम्पत्ति र आफन्त केही पनि छैन उसको, अब ओर्लिने कहाँ ? उसको त्यो प्रश्न सुनेर वास्तवमा त्यहाँ वरिपरिका मान्छेहरु सबै ग्वाँग्वाँ रुन थाले । जाने कहाँ ? अनि उसले त्यो पोको त्यही फ्याँक्यो । यो कहाँ लगेर राख्ने मैले ? मलाई किन निकालियो ? मेरो केही पनि छैन । १९ वर्ष मैले जेलमा जवानी बिताएँ, सारा बिताएँ । मेरो त कोही पनि छैन । म त काम गर्न नसक्ने भएर अशक्त भएर बसेको छु । म गएर केही गर्न पनि सक्दिनँ ।"


वास्तवमा ढिलो न्याय हुनु न्याय नपाउनुसरह हो भनेको हामीजस्तो बुझेको मान्छेले त्यसको मर्म बुझेका छौँ । न्याय ढिलो हुनु भनेको नपाउनुसरह हो भन्ने कुरा हामीले बुझेका छौँ । मैले १४ वर्षपछि पनि फेरि सफाइ पाएको होइन । न्याय पाएको पनि होइन । दश वर्ष कैद थियो । त्यो भुक्तान भइसकेपछि सम्मानित सर्वोच्च अदालतमा आएर कैद भुक्तान गरिसकेँ छोडी पाउँ भनेपछि छोड्ने आदेश भयो । त्यहीँ इन्स्पेक्टरले हत्कडी लगाएर फेरि घिसारेर लग्यो । फेरि अर्कापल्ट उजुरी गरेँ । फेरि सर्वोच्चले 'अब नथुन्नू, छोड्नू' भनेर आदेश गर्‍यो । फेरि हत्कडी लगाएर पुलिसले घिसारेर लाग्यो । अदालत हेरेको हेरै । त्यो खालको राजमा हामी बसेका थियौँ तर अहिले राजतन्त्र, राजतन्त्र भनेर कराएको सुन्दा अचम्म लाग्छ, कठै बरा ! देख्दै नदेखेका, भोक्दै नभोगेका, बुझ्दै नबुझेका मान्छेहरु राजतन्त्र राजतन्त्र ! भनेका छन् । त्यतापट्टि म अहिले जान चाहन्नँ ।

न्याय त्यस्तो नहोस् । त्यही प्रयास हामी गरिराखेका छौँ र हाम्रा कानुनहरूले त्यसको आधार तयार गर्नुपर्दछ । त्यसको प्रत्याभूति कानुनी रूपमा व्यवस्था गर्नुपर्दछ र हाम्रा कानुन र न्याय दिने निकायहरूले यी कुराहरुमा ध्यान दिनुपर्दछ । प्रहरी होस् कि अनुसन्धानकर्ता होस् कि अभियोजनकर्ता होस् कि न्यायकर्ता होस् सबै ठाउँबाट यी चिज हुनुपर्दछ । त्यसका लागि सरकारको तर्फबाट सम्पूर्ण सहयोग रहने म प्रधानमन्त्रीको हैसियतले भन्न चाहन्छु । सम्पूर्ण सहयोग रहन्छ र संसद्मा एउटा सांसदको हैसियतले र संसद्मा एउटा महत्वपूर्ण दलको नेताको हिसाबले पनि म भन्न चाहन्छु, हाम्रो दलको वा संसद्को र अहिले सरकारमा सहभागी दलहरूको पनि त्यो धारणा छ ।

सरकारको तर्फबाट हामी न्याय निरूपणको सन्दर्भमा सम्पूर्ण योगदान गर्न तयार छौँ । मुलुकी संहिता दिवसले हामीलाई साँच्चैको कानुनी राजको रूपमा अगाडि बढ्न प्रेरणा देओस् । हामी आग्रहहीन ढङ्गले कानुन कार्यान्वयन र कानुनको व्याख्या त्यसको कार्यान्वयन गर्न सकौँ । सामाजलाई नैतिक कसरी बनाउने यो धेरै महत्वपूर्ण कुरा हो । कानुन कार्यान्वयनबाट मात्रै होइन कि हामीले मानिसहरुमा गुणवत्ता सिकाउने गर्नपर्छ । मान्छेले अपराध नगरोस् । कानुनमा अनविज्ञता प्रकट गरेर दण्डबाट बच्न सकिँदैन, गल्ती भयो भने, कानुनको उल्लङ्घन भयो भने अनविज्ञता भनेर बच्न सकिँदैन । कानुनका दफा दफा कण्ठ गर्न विद्वान्ले पनि सक्दैन । हरेक दफा कण्ठ भएर कानुन उल्लङ्घन नभएको होइन । बेठीक काम गर्दिन भन्ने तरिकाले चलेपछि कानुन उल्लङ्घन हुँदै हुँदैन ।

हामी कुनै देशको भिसा लिएर त्यहाँ जान्छौँ । भिसा लिनुको अर्थ के हो भने भिसा माग गर्नुको अर्थ तिम्रो देशमा जाँदाखेरि त्यस देशमा रहँदा म तिम्रो देशको संविधान, कानुन, नियम सबैको पालना गर्छु भनेको हो । त्यहाँका कानुनहरु हामी पढेर जाँदैनौँ । नराम्रो केही पनि गर्दैनौँ । त्यसो भएपछि कानुनको पालना स्वतः हुन्छ । असामाजिक केही पनि गर्दैनौँ, कानुनको स्वतः पालना हुन्छ । यहाँ पनि हामीले थुप्रै कानुन बनाएका छौँ । संविधान बनाएका छौँ, कानुन बनाएका छौँ । तर न संविधानका धारा धारा याद छ, न कानुनका दफा दफा याद छ । सम्भवै छैन नि । तर नराम्रो काम नगर्ने, त्यति गरेपछि कानुनको पालना हुन्छ । (प्रस्तुत विचार प्रधानमन्त्री केपी शर्मा ओलीले १ भदौ, २०८२ मा मुलुकी संहिता दिवसका अवसरमा व्यक्त गर्नुभएको सम्बोधनका आधारमा स्वकीय सचिवालयले तयार गरेको सम्पादित विवरणमा आधारित छ) रासस

# तीजको आर्थिक र मनोवैज्ञानिक पाटो



अमृता अनमोल

हिजोआज तीजको माहोलले घरदेखि सार्वजनिक स्थल छपक्कै ढाकेको छ । धार्मिक रूपमा पार्वतीले शिवलाई पति पाउन निराहार व्रत गरेको कथामा आधारित पर्व हो तीज । हिन्दू धर्माबलम्बी महिलाहरु बिहानैदेखि शौभाग्य पोशाकमा सजिएर शिवालयमा धाएका छन् । रातो सारी, रातो ब्लाउज, रातै चुरा, पोते र टिकामा सजिएका महिलाहरु शिवको पूजा आरधनापछि नाचगान गरेर रमाइलो गर्छन् । तीजको दिन अविवाहिता महिलाले आफूले मन पराएको वा योग्य वर पाउने कामना गर्छन् । विवाहिता महिलाले आफ्ना पतिको दीर्घायु र समृद्धिको कामना गर्छन् । तीजका दिन निराहार व्रत बसेर शिवको आरधना गरे मनोकांक्षा पूरा हुने धार्मिक कथन छ ।

धार्मिक रुपमा साँघुरो तीज विस्तारै फराकिलो बन्दै गएको छ । छोरीचेली र माइती पक्षबीच पारिवारिक जमघट र जमघटमा नाचगानले प्रश्रय पाउँदै गएको छ । विस्तारै अहिले तीजका सामाजिक, संस्कृति र आर्थिक पाटाहरु फराकिला बन्दै गएका छन् । यसले तीज मनाउने शैली र परम्परा फराकिलो र लामो बनाउदै गएको छ । तीज कहिलेदेखि मनाउने ? हरेक वर्ष तीज सुरु हुन लाग्दा बहस चल्छ । पश्चिम पहाडमा पहिल्यैदेखि नै साउने सङ्क्रान्तिदेखि महिलाहरू जम्मा भएर नाचगान गर्ने र रमाउने चलन छ । तिनै पहाडी जिल्लाका जनसङ्ख्या बसाइँ सरेर अन्यत्र स्थानमा गएपछि तीजको माहोल एक महिनाभन्दा बढी चल्ने गरेको छ ।

तीज नजिकिएपछि महिलाहरु रातो चुरा, रातो पोते, रातो सिन्दूर र रातै सारी ब्लाउजमा सजिन्छन् । गरगहना र शौभाग्य पोशाकमा चिरीच्याट्ट पर्छन् । पहिले महिलाहरु पालैपालो घरका आँगन र चौतारोमा जम्मा भएर तीज गीत गाउँदै र नाच्दै गर्थे । अहिले बजार क्षेत्रमा ठूला आँगन र चौतारा छैनन् । त्यसैले शौभाग्य पोसाकसहित शृङ्गारमा सजिएका महिलाहरू होटल रेस्टुराँ र पाटी प्यालेसमा रमाउने गरेका छन् । पहिले घरको चुलोचौकोमा सिमित महिलाहरु अहिले महिला समूह, टोल समूह, सङ्घसंस्था, जागिर, व्यवसाय र राजनीतिमा जोडिएका छन् । आफू जोडिएका तिनै सङ्घसस्थाले आयोजना गरेका तीजका कार्यक्रममा महिला रमाउँछन् । सङ्घसस्थाले पर्व मनाउने यो शैलीले कामकाजी र माइतीघरबाट टाढा हुने महिलाका लागि पनि तीज रमाउने माध्यम बनेको छ ।

हरेक वर्ष तीज नजिकिँदै गर्दा तीजको मौलिकतामाथि प्रश्न उठ्छ । जब महिलाहरु सारी लगाएर नाचगान गर्न निस्कन्छन्, तब मौलिकताका हराएका दुखेसाका तयारी प्रश्नहरु र सुझावहरु तेर्सिन सुरु गर्छन् । हो, हाम्रा चाडपर्वहरुका मौलिकता फेरिएका छन् । जन्मदेखि मृत्युसम्मका संस्कार पहिलेजस्ता छैनन् । सबैभन्दा पवित्र मानिने व्रतबन्ध र मृत्युपछिको काजकिरिया त धेरैले घरमा गर्दैनन् । होटल वा सार्वजनिकस्थल खोजेर गर्छन् । तीजमा महिलाले घरमा दर खाएनन्, घरमा नाचेनन् भनेर किन चिन्ता गर्नु ? चिन्ता सबै पर्व र संस्कारको गरौँ । मौलिकताका नाममा महिलालाई घरमै मात्र तीज मनाउन, आफैँले खाना पकाउन र जुठो भाँडा स्याहार्न बाध्य पार्न खोज्नु मौलिकताको नाममा पितृसत्तात्मक दासताको प्रवृत्ति हो ।

समयसँगै तीज गीतका भाका र लय फेरिएका छन् । शब्द फेरिएका छन् । हामीले गाउने देउसीभैलोका लय हुन् वा अरु सबैका शब्द र शैली फेरिएका छन् । उत्ताउला गीत र शब्दको विरोध गरौँ । तर, मौलिकता नाममा अहिले पनि महिलाहरु हजुरआमाका पालामा जस्तो भक्तिभावका मात्र गीत गाउने वा उति बेलाजस्तै फनफनी घुमेर नाचुन् भन्ने चाहनु गलत हो । तीज मिलन कार्यक्रममा अतिथि बनेर आउने आसन र भाषण गर्ने पुरुषहरु तीजका सबैभन्दा धेरै आलोचक छन् । लाग्छ, अरुबेला आफूहरु मात्रै आसन, भाषण र शासन गरेका ती अगुवा पुरुषहरुले महिलाले आसन, भाषण र शासन गरेको सहीसक्नु नभएको हो । यस्तो मनोवृत्ति पुरुष वा महिला दुवैले त्याग्नुपर्छ ।

अहिले समय फेरिएको छ । तीज मनाउने शैली फेरिएको छ । अर्थात् तीजका आर्थिक, सामाजिक र मनोवैज्ञानिक पाटाहरु फेरिँदै गएका छन् । तीजको परिवर्तनलाई मनगणन्ते विश्लेषण गर्नुहुँदैन । समय, बजार, महिलाहरुको चेतनास्तर र आत्मनिर्भरतासँग जोडेर हेर्नुपर्छ । तीजमा बजारले पनि ठूलो प्रभाव पारेको छ । किनकी अहिलेको बजार नाफामुखी बजार हो । तीजमा बजार प्रवर्द्धन गरी नाफा कमाउने अवसर बनेको समेत हेरौँ ।

तीज साङ्गीतिक पर्व हो । तीजसँगै साङ्गीतिक बजार मौलाएको छ । तीजमा गीत निकाल्ने कलाकारहरुको सङ्ख्या बढेको बढी छ । हरेक वर्ष झण्डै ५०० तीज गीत र तीनका भिडियो बन्छन् । झण्डै १० करोडको साङ्गीतिक कारोबार तीजले गराएको छ । तीज विशेष कार्यक्रमले गायकगायिका र कलाकारलाई कमाउने माध्यम बनाएको छ । नाच्ने, गाउने र बजाउने सबैले काम र दाम पाएका छन् । तीजमा तीज नाचगान प्रतियोगिता हुन्छ । मिस, मिसेज प्रतिस्पर्धा चल्छ । यी प्रतियोगिता र प्रतिस्पर्धाले पनि धेरैलाई कला, गला देखाउने र कमाउने मौका जुराएको छ ।

तीजले गरगहनाको बिक्री बढाएको छ । गरगहनासँगै लत्ताकपडाको खरिदबिक्री बढाएको छ । रातो चुरा, रातो पोते र शृङ्गारमा सजिन नयाँ लुगा किन्ने महिला बढेका छन् । समूह समूहले उस्तै खालका पोसाक लगाउने चल्तीले बजारमा किनमेल अझ बढेको छ । तीजले होटल व्यवसायलाई पनि चलायमान बनाउँछ । वर्षा लागेपछि सुनसान बनेका होटल, रेष्टुराँमा तीज नजिकिएपछि चहलपहल हुन्छ । यसलाई सकारात्मक रुपमा लिऔँ ।

अहिले केही मानिसहरु महिलाले एक महिनासम्म तीज मनाएर विकृति बढ्यो भनेर रोइलो गरिरहेका छन् । महिलाले विकृत बढाउने मुख्य कारण होटल रेष्टुराँ र पार्टी प्यालेसमा तीज मनाउनुलाई मानेका छन् । तिनै ठाउँमा दर खानुलाई मानेका छन् । दर खाँदा कसैले मदिरा पो पिए कि भनेर चियोचर्चो गरिन्छ । तर, बाह्रैमास मदिरा खाने पुरुषको कसैले चियोचर्चो र टिप्पणी गर्दैन । जड्या पुरुषकै कारण नेपालका मदिरा उद्योग, होटल र बार चलेका छन् । घरेलु हिंसादेखि यौन, सामाजिक र आर्थिक हिंसा बढेको छ । यसले विकृति ल्यायो भनेर चाही कतै चर्चा हुँदैन । मदिरा पुरुषले पनि खानु राम्रो होइन, महिलाले पनि होइन । अब त्यसबारेमा बहस गर्नुपर्छ ।

पहिले अहिलेको जस्तो बजार थिएन । सुविधा थिएन । महिलाको हातमा आर्थिक स्रोत थिएन । स्रोत हुनेले पनि कहा कसरी खर्च गर्ने विकल्प थिएन । घरमा जे हुन्छ त्यही खानुपर्थ्यो । महिलाको पर्व भए पनि दिदीबहिनी बोलाएर सबै परिकार आफैँले पकाउने, खुवाउने र जुठोभाडो स्याहार्ने गर्नुपर्थ्यो । अहिले महिला कोही राज्यका उच्च पदमा छन् । कसैले जागिर त कसैले व्यवसाय गरेर कमाएका छन् । सामाजिक सम्बन्ध फराकिलो बनेको छ । समूह, सङ्घसंस्था, कार्यालयमा दिदीबहिनी बन्ने र सामाजिक सम्बन्ध मजबुद बनाउन तीज मिलन गर्न थालेका छन् । पैसा हुनेका लागि होटल, रेष्टुरँ र पाटी प्यालेसले पकाउने, खुवाउने र जुठोभाडो स्यार्ने बाध्यताबाट मुक्ति दिएका छन् । महिलाले पनि तीजमा सुविधा लिँदा यसमा किन रोइलो गर्नु ?

हामी हुर्कने बेलासम्म सुन्थ्यौँ, छोरीबुहारीले दाँत देखाएर र आवाज निकालेर हाँस्नुहुँदैन । कम्मर मर्काएर नाच्नु हुन्न । हाउभाउ गरेर नाच्दा उत्ताउलो भइन्छ । के अहिले पनि तीजमा कम्मर मर्काउने महिलालाई उत्ताउला र विकृत भनौँ । जनसङ्ख्यामा आधाभन्दा बढी हिस्सा महिलाको छ । महिला हाँस्दा, नाच्दा र रमाउदा विकृति हुन्छ भने के गरौँ ? महिलाहरु रोएर संस्कृति बचाऔँ । हामीले संस्कृति र विकृतिलाई लिङ्गसँग तुलना गरेका छौँ । महिलाले गरे विकृति र पुरुषले गरे चलनचल्ती भन्ने मानसिकता छ । हो, त्यही मनोविज्ञान र दृष्टिकोण गलत छ । भेदभावपूर्ण छ । तीजका बारेमा अनावश्यक प्रश्न तेर्साएको छ । तीज परम्परागत रुपमा माइतीघरमा गएर दर खाएर नाच्ने पर्व हो । तर, अहिलेका कामकाजी महिला दर खान माइतीघर जान सक्ने अवस्थामा छैनन् । माइत जान नसक्ने महिलाको तीज नखोसौँ । आफ्ना सामाजिक सम्बन्धका दिदीबहिनी दाजुभाइसँग तीज मनाउने अवसर सिर्जना गरौँ । चाडपर्वलाई सङ्कीर्ण दृष्टिले नहेरौँ ।रासस


# सञ्चार रजिष्ट्रार कार्यालयद्वारा राससलाई पुस्तक प्रदान

काठमाण्डु । राष्ट्रिय समाचार समिति (रासस) लाई बागमती प्रदेश सरकार, सञ्चार रजिष्ट्रारको कार्यालयले ५० थान पुस्तक उपलब्ध गराएको छ । रासस केन्द्रीय कार्यालय, भद्रकाली प्लाजामा बुधबार सञ्चार रजिष्ट्रारको कार्यालयका सञ्चार रजिष्ट्रार रेवतीप्रसाद सापकोटाले राससका कार्यकारी अध्यक्ष धर्मेन्द्र झालाई उक्त पुस्तक हस्तान्तरण गर्नुभयो ।

पुस्तक ग्रहण गर्दै कार्यकारी अध्यक्ष झाले राससलाई मिडिया अनुसन्धान केन्द्रका रूपमा विकास गर्ने सोचका साथ पत्रकारितासम्बन्धी पुस्तक सङ्कलन गरिरहेको बताउनुभयो । उहाँले भन्नुभयो, "नेपालको सिङ्गो मिडिया अनुसन्धान केन्द्रको रूपमा विकसित गर्ने हाम्रो उद्देश्य अनुरूप काम गरिरहेका छौं ।" अध्यक्ष झाले राससलाई अध्ययन केन्द्रको रूपमा स्थापित गर्ने सोचका आधारमा रासस मिडिया सङ्ग्रहालय, रासस बुलेटिन कक्ष र रासस पुस्तकालय विस्तार गर्ने तथा पुराना कागजातलाई लिपिबद्ध गर्ने काम भइरहेको जानकारी दिनुभयो ।

राससका महाप्रबन्धक सन्दीप राईले राससलाई पत्रकारिताको अनुसन्धान केन्द्र बनाउने तथा पत्रकारिता र आमसञ्चारको ज्ञानको केन्द्रको रूपमा स्थापित गर्ने उद्देश्यका साथ राससले पुस्तकालय विस्तार गरिरहेको उल्लेख गर्नुभयो ।

सञ्चार रजिष्ट्रार सापकोटाले पत्रकारितालाई प्रविधिमैत्री र रचनात्मक बनाउने उद्देश्यले कार्यालयले पत्रकारिता र कानुनसम्बन्धी विधिन्न पुस्तक प्रकाशन गर्दै आएको जानकारी दिनुभयो । कार्यालयले हालसम्म पत्रकारिता र कानुनसम्बन्धी १६ वटा पुस्तक प्रकाशन गरिसकेको छ । रासस



# शिखर सम्मेलनमा प्रधानमन्त्रीको सहभागिताको कार्यतालिका सार्वजनिक



काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओली जनवादी गणतन्त्र चीनका राष्ट्रपति सी चिनफिङको मैत्रीपूर्ण निमन्त्रणामा साङ्घाई सहयोग सङ्गठन (एसइओ) शिखर सम्मेलनमा भाग लिन नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै चीन भ्रमणमा जानुहुने कार्यतालिका सार्वजनिक भएको छ ।

प्रधानमन्त्री ओली उक्त शिखर सम्मेलन तथा चीनको जनयुद्धमार्फत जापानी आक्रमणविरुद्धको प्रतिरोध र विश्व फासीवाद विरोधी युद्धमा विजयको ८० औं वार्षिकोत्सवमा सहभागिता जनाउन यही भदौ १४ गते चीनतर्फ प्रस्थान गर्नुहुने परराष्ट्र मन्त्रालयद्वारा आज जारी विज्ञप्तिमा जनाइएको छ ।

प्रधानमन्त्री ओलले चीनका राष्ट्रपति सी चिनफिङसँग तिआन्जिनमा भेटवार्ता गर्नुहुनेछ । उहाँले सेप्टेम्बर १ मा तिआन्जिनमा आयोजना हुने शिखर सम्मेलनलाई सम्बोधन गर्नुहुनेछ । सो अवसरमा प्रधानमन्त्री ओलीले शिखर सम्मेलनमा सहभागी केही विश्व नेताहरूसँगसमेत भेटवार्ता गर्नुहुनेछ । त्यसैगरी, प्रधानमन्त्री ओलीले सेप्टेम्बर २ मा बेइजिङमा चीनका उपराष्ट्रपति हान झेङसँग भेटवार्ता गर्नुहुनेछ ।

प्रधानमन्त्री ओलीले सेप्टेम्बर ३ मा बेइजिङमा आयोजना हुने जापानी आक्रमणविरुद्धको प्रतिरोध युद्ध र विश्व फासिवादविरोधी युद्धमा विजयको ८०औँ वार्षिकोत्सवका स्मृति कार्यक्रममा सहभागिता जनाउनुहुनेछ ।

प्रधानमन्त्री ओलीसँग उहाँका धर्मपत्नी श्रीमती राधिका शाक्य, शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री रघुजी पन्त, संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डे, नेपाली कांग्रेसका सांसद पूर्णबहादुर खड्का, प्रधानमन्त्रीका आर्थिक तथा विकास सल्लाहकार डा युवराज खतिवडा, नेकपा (एमाले) का सांसद छविलाल विश्वकर्मा र उच्चस्तरीय सरकारी अधिकारीहरू रहने मन्त्रालयले जनाएको छ । प्रधानमन्त्री ओली भदौ १८ गते स्वदेश फर्कनुहुनेछ ।रासस

# 'राजनीतिमा सदाचार नीति लागू गर्न आवश्यक'




काठमाण्डु । राष्ट्रिसभाका अध्यक्ष नारायणप्रसाद दाहालले राजनीतिमा सदाचार नीति लागू गर्न आवश्यक रहेको बताउनुभएको छ ।

राष्ट्रियसभाअन्तर्गतको विकास, आर्थिक, मामिला तथा सुशासन समितिद्वारा बुधबार आयोजित राष्ट्रिय सदाचार नीतिसम्बन्धी तयार गरिएको अध्ययन प्रतिवेदन, २०८२ माथिको छलफललाई सम्बोधन गर्दै उहाँले राजनीति क्षेत्रमा सदाचार लागू हुन नसकेका विद्यमान अवस्थामा सदाचार नीति कायम गर्नेतर्फ सम्बद्ध सबैको ध्यान जानुपर्नेमा जोड दिनुभयो ।

"कानुन निर्माण, मुलुकको बजेट निर्माण प्रक्रिया, आर्थिक, सामाजिक तथा पूर्वाधार विकासमा राजनीतिक दलको संलग्नता रहेको हुन्छ, राजनीति सदाचार भएमा मात्रै यी क्षेत्रमा पनि सदाचार लागू गर्न सकिन्छ", दाहालले भन्नुभयो, "यदि घरमूलीले मद्यपान, धूमपान गर्छ भने अरुलाई अर्तीउपदेश दिन मिल्छ ? त्यसरी नै हामीले अरुलाई सदाचार नीति लागू गराउन खोज्ने तर आफूचाहिँ नीति बाहिर बस्न मिल्छ र ?" अध्यक्ष दाहालले सदाचार नीतिमाथि सरकारसँग गहन छलफल गरेर अगाडि बढ्नुपर्ने सुझाव समेत दिनुभयो । संविधानमा भएका जनताका मौलिक हक कार्यान्वयनका लागि पनि राष्ट्रिय सदाचार नीतिको आवश्यकता पर्ने उहाँको भनाइ छ ।

समितिका सभापति कमलादेवी पन्तले समाजका सबै क्षेत्रमा सदाचारिता कायम गर्दै सुशासन प्रवर्द्धन गर्ने दीर्घकालीन सोचका साथ नीति तर्जुमा गरिएको स्पष्ट गर्नुभयो ।

प्रतिवेदनमा संलग्न नीतिले इमानदार एवं सकारात्मक सोचसहितका नागरिक र सदाचार युक्त समाज निर्माण गर्न सकिने उहाँको विश्वास रहेको छ ।

राष्ट्रियसभा, सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिका सभापति मायाप्रसाद शर्माले प्रस्तुत नीतिमाथि सदनमा छलफल भएपछि त्यसले पूर्णता पाउने भन्दै प्रभावकारी कार्यान्वयनमा जोड दिनुभयो ।सांसद वामदेव गौतमले कुनै पनि नीति तथा कार्यक्रम कार्यान्वयनका लागि आवश्यक संरचना तयार गरी सुशासन र सदाचारका पक्षमा कानुन निर्माण गर्नुपर्ने बताउनुभयो । सांसद जितजङ्ग बस्नेतले नीति लागू हुनुअघि कानुन निर्माण गर्ने सांसदहरूमा नैतिक चरित्र आवश्यक रहेकाले सोहीअनुसार रुपान्तरित हुनसक्नुपर्ने धारणा व्यक्त गर्नुभयो । सांसदहरू विष्णुबहादुर विश्वकर्मा, उर्मिला अर्याल, घनश्याम रिजाल, नारायणदत्त भट्ट, सावित्री मल्लले समुन्नत समाज निर्माणका लागि सदाचार नीति आवश्यक रहेकोमा जोड दिनुभयो ।

समितिका सचिव डा रोजनाथ पाण्डेले सदाचारयुक्त पद्धतिलाई संस्थागत गर्दै सभ्यसमाज निर्माण गर्न, सदाचारितालाई जीवनपद्धतिको अभिन्न अङ्ग बनाउन, समाजका सबै क्षेत्रमा इमानदारीता र सदाचारिता कायम गर्दै निष्ठाका साथ सुशासन प्रवर्द्धन गर्ने लक्ष्यसहित नीति ल्याउन खोजिएको स्पष्ट गर्नुभयो । "सदाचारयुक्त पद्धतिलाई अवलम्बन गर्दै सुसंस्कृत समाज निर्माण गर्नु, सदाचारसम्बन्धी अध्ययन, अनुसन्धान र नियमन गर्न संस्थागत व्यवस्था गर्नु र सदाचारका नियमहरूको कार्यान्वयन, अनुगमन र स्वनियमन पद्धतिको व्यवस्था गर्नु नीतिको लक्ष्य रहेको छ", उहाँले भन्नुभयो ।रासस

# ऊर्जा क्षेत्रलाई रोजगारी र लगानीको मुख्य आधार बनाउनुपर्छ : अध्यक्ष दाहाल



काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले ऊर्जा क्षेत्रलाई रोजगारी सिर्जना र लगानीको मुख्य आधारका रूपमा विकास गर्नुपर्ने बताउनुभएको छ ।

बुधबार 'पोष्टबहादुर बोगटी स्मृति प्रतिष्ठान'को आयोजनामा भएको पोष्टबहादुर बोगटी स्मृति राष्ट्रिय ऊर्जा संवाद कार्यक्रममा दाहालले ऊर्जा क्षेत्रमा रहेको दीर्घकालीन सम्भावनाको पूर्ण उपयोग नगर्दा राष्ट्रले अपेक्षित लाभ लिन नसकेको बताउनुभयो । पूर्वप्रधानमन्त्रीसमेतरहनुभएकादाहालले अब यस क्षेत्रलाई समृद्धिको मुख्य आधार बनाउन आवश्यक रहेकामा जोड दिनुभयो । उहाँले भन्नुभयो, "हामीले सुरु गरेको नीतिगत निरन्तरताले आज नेपाल विद्युत् निर्यात गर्न सक्षम भएको छ ।"

नेपाल उद्योग वाणिज्य सङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले ऊर्जा क्षेत्रमा नियामक, सञ्चालक र विकासकर्ता एउटै संस्थामा सीमित रहनु समस्या भएको बताउनुभयो । यसैगरी, स्वतन्त्र ऊर्जा उत्पादकहरुको संस्था (इप्पान)का अध्यक्ष गणेश कार्कीले ऊर्जा क्षेत्रलाई राष्ट्र विकासको प्रमुख आधार मान्दै सरकारले यसलाई गम्भीरतापूर्वक लिएर नीतिगत रूपमा अघि बढाउनुपर्ने बताउनुभयो ।

नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष कमलेशकुमार अग्रवालले अन्तर मन्त्रालय समन्वयको अभाव औँल्याउनुभयो । नेपाल उद्योग व्यापार महासङ्घका अध्यक्ष खिमलाल भण्डारीले ऊर्जा क्षेत्रमा जनसहभागिता अपरिहार्य रहेको धारणा राख्नुभयो ।

प्रतिष्ठानका अध्यक्ष वर्षमान पुनले नदी प्रवाहमा आधारित आयोजनाले मात्र भविष्यमा माग धान्न नसक्ने भएकाले जलाशययुक्त आयोजनामा जोड दिन आवश्यक रहेको बताउनुभयो ।

जनयुद्धका क्रममा चेस खेलको विशेष महत्त्व थियो

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल ' प्रचण्ड' । रासस



## भाखा नाघेको कर्जा बुझाउने बारे कृषि बिकास बैंक लि.शाखा कार्यालय कन्चनपुर, सप्तरीको २१ दिने सूचना

यस बैंकको तपसिलका कार्यालयहरुबाट तपसिल बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुले निम्न उद्देश्यका लागि विभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले वारम्वार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज तथा बैंकले पाउनुपर्ने अन्य रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र सम्बन्धित कार्यालयमा बुझाउनका लागि यो सूचना प्रकाशन गरिएको छ । उल्लेखित मिति भित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, कृषि विकास बैंक लि. को कर्जा असुली कार्यविधि तथा प्रचलित ऐन नियम बमोजिम कर्जा लिदा लेखिदिएको धितो लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको सम्पूर्ण कर्जा रकम असूल उपर गरिने व्यहोरा समेत जानकारी गराउदछौं । साथै तपसिल बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुलाई बैंकबाट कर्जा लिन मन्जुरीनामा दिने व्यक्तिहरुलाई समेत यसै सूचनाद्वारा कर्जा बुझाउन जानकारी गराइएको छ ।

| क. सं | कर्जा ग्राहकको नाम | मिसिल नं | ठेगाना |  | ग्राहकको पिता /पतिको नाम/प्रो. | ग्राहकको बाजे /ससुराको नाम | कर्जाको उदेश्य | साबा | २०८२ श्रावण मसान्त. सम्मको बक्यौता साँवारब्याज | जम्मा तिर्नु पर्ने रकम | ग्राहक नं |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
|  |  |  | गा.पा/ न.पा | वार्ड नं |  |  |  |  |  |  |  |
| १ | हरिहर देवी | ७०६२ | कंचनरुप | १० | दिनानाथ यादव | लटरुन खड्गा | घरायसी कर्जा | १०००००० | २९३२३ | १,०२९,३२३।० | ५४२५२४९ |
| २ | शुशिल प्रसाद यादव | ७०५६ | तिरहुत | ३ | सत्य नारायण यादव | रुपी यादव | सरल कृषि कर्जा | १०००००० | २४७०२ | १,०२४,७०२।० | ५४०२७५१ |
| ३ | श्रीमती दुलावती राय | ६९९३ | हनुमाननगर कंकालिनी | ३ | जिलेबी राय | गोसाई राय | सरल कृषि कर्जा | ६००००० | १६६२३ | ६१६,६२३।० | १९८५२०८ |
| ४ | जुगल मण्डल | ६९३४ | कंचनरुप | २ | थरुनी मण्डल | लालधारी मण्डल | सरल कृषि कर्जा | ५००००० | १३६३१ | ५१३,६३१।० | १८०१६४१ |
| ५ | रामलाल चौधरी | ६९१७ | सप्तकोशी | ७ | उचित चौधरी | जगनु चौधरी | सरल कृषि कर्जा | ९५०००० | २२५८८ | ९७२,५८८।० | १७७६५१७ |
| ६ | लक्ष्मी प्रसाद चौधरी | ६८८४ | अग्निसाइर कृष्णसवरन | १ | त्रिभुवन चौधरी |  | घरायसी कर्जा | ८५०००० | २१०२४ | ८७१,०२४।० | १७४५३२६ |
| ७ | बसन्त सरदार | ६९५९ | कंचनरुप | ५ | चुल्हाई सरदार |  | सरल कृषि कर्जा | ६५०००० | १३६१८ | ६६३,६१८।० | १६९२०३१ |
| ८ | देव चन्द्र यादव | ६८०५ | तिरहुत | ३ | धरमलाल कुशियत यादव | जानकी कुशियत यादव | घरायसी कर्जा | ४७५००० | १५४६० | ४९०,४६०।० | १३३७९६९ |
| ९ | दोरिक नारायण यादव | ६७७० | तिरहुत | ३ | रमानन्द महात्मान यादव | दनजित महात्मान यादव | घरायसी कर्जा | २९००००० | ७९४०१ | २,९७९,४०१।० | १२४३८८६ |
| १० | फुलेश्वरी देवी कोइरिनी | ६७८५ | तिरहुत | ५ | लक्ष्मी महतो |  | सरल कृषि कर्जा | ८००००० | २२१२० | ८२२,१२०।० | १२१९६५० |
| ११ | मधु नारायण यादव | ६४८० | अग्निसाइर कृष्णसवरन | १ | राम प्रसाद यादव |  | घरायसी कर्जा | ३००००० | १६७०० | ३१६,७००।० | ६४८३८० |
| १२ | कृष्ण कुमार यादव | ६४०० | कंचनरुप | ४ | देवीलाल यादव | रसीलाल यादव | घरायसी कर्जा | ४००००० | १२७६१ | ४१२,७६१।० | ६४८२५५ |
| १३ | उमा कुमारी | ५९५५ | तिरहुत | १ | कुशेश्वर यादव | धुनाई यादव | सरल कृषि कर्जा | ४७५००० | १३०६९ | ४८८,०६९।० | ६४८१६३ |
| १४ | समिला खातुन | ६२८० | कंचनरुप | १२ | रोजित मिया |  | सरल कृषि कर्जा | २००००० | ५४९२ | २०५,४९२।० | ६४८०१२ |
| १५ | बेचन कडौगिया यादव | ५८५६ | कंचनरुप | ८ | शिव चन्द्र कडौगिया यादव | प्यारा कडौगिया यादव | घरायसी कर्जा | २४७५०० | २५१५५ | २७२,६५५।० | ६४७७२६ |
| १६ | शिवनाथी मण्डल | ५७४६ | कंचनरुप | ४ | भुला देवी मण्डल |  | सरल कृषि कर्जा | ८००००० | २७६८८ | ८२७,६८८।० | ६४७७१६ |
| १७ | जयकृष्ण लगरवार | ४७३६ | तिरहुत | १ | सिताराम लगरवार | नन्दी लाल | घरायसी कर्जा | ४००००० | १२३९२ | ४१२,३९२।० | ६४७६३१ |
| १८ | चनर देवी मण्डल | ५९३४ | कंचनरुप | ९ | डोमी मण्डल | रसिलाल मण्डल | घरायसी कर्जा | १८००००० | ३७८४२ | १,८३७,८४२।० | ६४७४०० |
| १९ | असल देवी साह तेली | ६०२६ | कंचनरुप | १ | दिनेश प्रसाद साह तेली | पञ्ची साह | सरल कृषि कर्जा | ४०५००० | ५०९४४ | ४५५,९४४।० | ६४७३५२ |
| २० | जय प्रकाश यादव | ५८८२ | कंचनरुप | ४ | देव नारायण यादव | शुभ लाल यादव | सरल कृषि कर्जा | ४५०००० | ५६४४१ | ५०६,४४१।० | ६४७३१२ |
| २१ | संसारी देवी चौधरी | ५९७४ | अग्निसाइर कृष्णसवरन | १ | भिखारी चौधरी | एकल दास चौधरी | सरल कृषि कर्जा | १८०००० | ४०२३ | १८४,०२३।० | ६४७२२२ |
|  |  |  |  |  |  |  | जम्मा | १५३८२५०० | ५२०९९७ | १५९०३४९७ |  |

**कृषि विकास बैंक लिमिटेड**
**मधेश प्रदेश कार्यालय, जनकपुरधाम**

## महिला साना किसान कृषि सहकारी संस्था लि.

**सत्तोषर-४, धनुषा**

### कृषि यन्त्र तथा उपकरणहरू खरिदको लागि सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

**सिलबन्दी दरभाउपत्र नं. ०१-२०८२/२०८३**

**प्रथम पटक सूचना प्रकाशित भएको मितिः २०८२/०५/११**

महिला साना किसान कृषि सहकारी संस्था लि. सबैला न.पा.-९, सतोषर, धनुषाको GGGI द्वारा संचालित Climate Smart Agriculture (CSA) परियोजना अन्तर्गत Challenge Fund गतिविधी कार्यान्वयन गर्नको लागी यस सहकारी संस्था र GGGI को संयुक्त लगानिमा Agriculture Custom Hiring Center सुरुवात तथा स्तरोन्नती गर्नको लागि आवश्यक कृषि मेसिनरी तथा उपकरण खरिद गर्नु पर्ने छ ।

उल्लेखित परियोजना अन्तर्गत Agriculture Custom Hiring Center को लागी तपसिल अनुसारका कृषि मेसिनरी तथा उपकरण आपुर्तिको लागी सिलबन्दी दरभाउपत्र आव्हान गरिन्छ । साथै देशैभरिका ईजाजत प्राप्त आपुर्ति गर्न इच्छुक अधिकृत/आधिकारिक बिक्रेता, आपुर्तिकर्ता तथा वितरकहरुबाट यो सूचना प्रकाशन भएको मितीले २१ दिन भित्र तपसिलको शर्तहरुको अधिनमा रही कार्यालय समय भित्र गोप्य सिलबन्दी दरभाउपत्र पेश गर्नु हुन वा ईमेल ठेगाना sfaclsatoshar123@gmail.com मार्फत पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**आपुर्ति गरिने सामाग्रीहरुको विवरणः-**

**लिङ्क** :- https://drive.google.com/drive/folders/18WUu-1BcH4NspyHO_LSJOqyHRF_rK-r3?usp=sharing

**तपसिलः-**

१. माथि उल्लेखित मेसिनरी तथा उपकरणहरु एकमुष्ट वा छुट्टाछुट्टै खरिद गर्न सकिने छ । ईच्छुक अधिकृत विक्रेता, आपुर्तीकर्ता वा बितरकले आफुसंग उपलब्ध मेसिनरी तथा उपकरणहरु मात्रको लागि पनि सिलबन्दी दरभाउपत्र पेश गर्न सकिनेछ । गुणस्तरिय मेसिनरी तथा उपकरण र बिक्रि पश्चातको सेवा सुबिधालाई उच्च प्राथमिकता दिईनेछ ।
२. विक्रेतालाई भुक्तानी गर्दा बैंक खाता बाट गरिने र नियमानुसार लाग्ने कर कट्टी गरि मात्र भुक्तानी गरिने छ ।
३. उपरोक्त कारोबार भदौ ११ देखि मंसिर ३१, २०८२ सम्म संचालन गरिनेछ ।
४. ईच्छुक अधिकृत विक्रेता, आपुर्तीकर्ता वा वितरकले संस्थाको कार्यालयमा उपस्थित भई वा (माथि लिङ्कवाट डाउनलोड गरि) प्राप्त गर्न सकिने छ । यो सूचना प्रकाशन भएको मितीले २१ दिनभित्र यस सहकारी संस्थाको कार्यालयमा दरभाउ उल्लेखित गरि पेश गर्न सकिने छ (अन्तिम दिन बिदा पर्न गएमा सो पछि कार्यालय खुल्ने दिनमा तोकिएको समयमा पेश गर्न सकिनेछ) ।
५. सिलबन्दी दरभाउपत्र पेश गर्दा नविकरण भएको ईजाजतपत्र, आयकर दर्ता प्रमाण पत्र, भ्याट दर्ता प्रमाण पत्र र करचुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि (आ.व. २०८१/०८२ को करचुक्ता वा म्यादथपको पत्र सहित २०८०/२०८१ को करचुक्ता) पेश गर्नु पर्ने छ ।
६. सिलबन्दी दरभाउ पेश गर्ने सप्लायर्स/कम्पनी/फर्महरुले दर्ता शुल्कवापत रु १,००० (फिर्ता नहुने गरि) संस्थाको उल्लेखित खातामा जम्मा गरी जम्मा गरेको भौचर शिलबन्दी दरभाउपत्र संग पेशगर्नु पर्नेछ ।
७. बोलपत्र फाराममा उल्लेखित मेसिनरी तथा उपकरणको दररेट (कर समेत) अंक र अक्षर दुवैमा स्पष्ट लेखिएको हुनुपर्नेछ । अंकअक्षर बीच फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ । केरमेट वा टिपेक्स लागेको अंक मान्यहुने छैन ।
८. कार्यालयमा प्राप्त हुने बोलपत्र फाराम खामबन्द गरि लाहाछापले सिलबन्दी गरिएको हुनु पर्ने छ, अन्यथा उक्त बोलपत्र दर्ता गर्न बाध्य हुने छैन ।
९. पेश गरिएका बोलपत्रहरु मिती २०८२ असोज १ गते १:०० बजे सहकारी संस्थाका पदाधिकारी, जि.जि.जि.आई. का प्रतिनिधी र बोलपत्रदाता स्वयम् वा निजको प्रतिनिधीको उपस्थितीमा यस संस्थाको कार्यलयमा खोलिने छ । तोकिएको दिनमा बोलपत्रदाता वा प्रतिनिधी अनुपस्थित भएमा पनि सिलबन्दी दरभाउ खोल्नकुनै बाधापर्ने छैन । तर सो दिन सार्वजानिक विदा परेमा सो को लगतै कार्यालय खुलेको दिन सिलबन्दी दरभाउ खोलिने छ ।
१०. म्याद नाघी वा रित नपुगी आएका बोलपत्र उपर कुनै कारबाही हुने छैन ।
११. अन्य शर्तहरु महिला साना किसान कृषि सहकारी संस्था लि. को खरिद नीती तथा नियमावली र नेपाल सरकारको प्रचलित कानून बमोजिम हुनेछ । निर्णयको सर्वाधिकार महिला साना किसान कृषि सहकारी संस्था लि. मा निहित रहनेछ ।
१२. बोलपत्रदाताले जम्मा प्रस्तावित कबोल रकमको २.५ प्रतिशत एकमुष्ट रकम BID सुरक्षण वापत Bank Guarantee यस कार्यालयको नाममा जारी भएको पत्र पेश गर्नु पर्ने छ वा BID सुरक्षण वापतको रकम यस सहकारी संस्थाको नाममा रहेको खाता नं. १००५४०१९९९०९००२७ को बैंकको नाम कृषि विकास बैंक लि.मा दाखिला गरि जम्मा गरेको बैंक भौचर वा सुरक्षण वापतको Bank Guarantee पत्र सिलबन्दी बोलपत्र सँगै पेश गर्नु पर्ने छ ।
१३. थप जानकारी आवश्यक परेमा तल उल्लेखित ईमेल मार्फत जानकारी प्राप्त गर्न सकिने छ ।

**बोलपत्र पेशगर्ने र खोलिने ठेगाना**
महिला साना किसान कृषि सहकारी संस्था लि. मधेश प्रदेश
सबैला न.पा.-९, सतोषर, धनुषा
ईमेल : sfaclsatoshar123@gmail.com
अध्यक्ष :- सुनिता देवी शर्मा
संस्था प्रबन्धक :- संतोष कुमार राम

# डेनमार्कमा पाषाण युगको डुबेको बस्ती फेला



एपी

बे अफ आर्हस ।उत्तरी डेनमार्कको आर्हस खाडीको नीलो गहिरो पानीमुनि पुरातत्त्वविद्हरूले आठ हजार पाँच सय वर्षअघि बढ्दो समुद्री सतहले डुबाएको तटीय बस्तीको प्रमाण पत्ता लगाएका छन् ।

यस गर्मीमा गोताखोरहरूले डेनमार्कको दोस्रो ठूलो सहर आर्हस नजिकैको समुद्री सतहबाट करिब ८ मिटर (२६ फिट) तल पाषाण युगको बस्तीका अवशेष सङ्कलन गरेका थिए ।छ वर्ष लामो अन्तर्राष्ट्रिय परियोजनाको हिस्साका रूपमा रहेको यो उत्खनन एक करोड ३२ लाख युरो (करिब एक करोड ५५ लाख डलर) लागतको हो ।

यस परियोजनामा युरोपेली सङ्घ (इयु) को आर्थिक सहयोग रहेको छ । परियोजनामा आर्हसका साथै बेलायतको ब्राडफोर्ड विश्वविद्यालय र जर्मनीको लोअर स्याक्सनी इन्स्टिच्युट फर हिस्टोरिकल कोस्टल रिसर्चका विज्ञहरू सहभागी छन् । परियोजनाको मुख्य उद्देश्य डुबेका उत्तरी युरोपेली भू-दृश्यहरूको खोजी गर्नुका साथै अपतटीय पवन फार्म तथा अन्य समुद्री पूर्वाधार विस्तारसँगै हराएका मेसोलिथिक बस्तीहरू उजागर गर्नु हो ।

अन्तिम हिमयुगपछि समुद्री सतह क्रमशः बढ्दै गएको थियो । पुरातत्त्वविद् पिटर मो एस्ट्रूपका अनुसार अहिलेसम्म पाषाण युगका बस्तीहरूको अधिकांश प्रमाण तटदेखि भित्री क्षेत्रमा फेला परे पनि यो बस्ती भने पुरानो तटरेखामै अवस्थित थियो । उहाँ भन्नुहुन्छ, “यहाँ हामीले वास्तविक पुरानो तटरेखा पाएका छौँ । हामीसँग सिधै समुद्र किनारामा बसोबास गरेको बस्तीको प्रमाण छ । हाम्रो उद्देश्य त्यतिबेलाको तटीय जीवन कस्तो थियो भन्ने बुझ्नु हो ।”

हिमयुगपछि बरफका पत्रहरू पग्लिँदा समुद्रको सतह तीव्र गतिमा बढेको थियो । करिब आठ हजार पाँच सय वर्षअघि समुद्री सतह प्रति शताब्दी करिब दुई मिटर (६.५ फिट) ले बढेको थियो । मो एस्ट्रूप र उहाँको टोलीले आर्हस नजिकैको मोस्गार्ड सङ्ग्रहालयमार्फत आजको तटमा भेटिएको ४० वर्गमिटर (४३० वर्गफिट) क्षेत्रफलको सानो बस्ती उत्खनन गरेका छन् ।

बढ्दो समुद्री सतहले त्यसबेलाको जीवनशैलीलाई ‘टाइम क्याप्सुल’ जस्तै संरक्षित गरेको अनुसन्धानकर्ताहरूको भनाइ छ । प्रारम्भिक उत्खननमा जनावरको हड्डी, ढुङ्गाका औजार, तीरका टाउका, सिलका दाँत र काम गरिएको काठका टुक्रा फेला परेका छन् । सम्भावित भविष्य विश्लेषणका लागि उनीहरूले पानीमुनि प्रयोग हुने विशेष भ्याकुम उपकरणमार्फत मिटर-मिटरको हिसाबले सामग्री सङ्कलन गरिरहेका छन् ।

शोधकर्ताहरूलाई आगामी उत्खननमा हर्पुन, माछा मार्ने काँटी तथा माछा मार्ने संरचनाका निशान भेटिने आशा छ । “यो वास्तवमै टाइम क्याप्सुल हो । जब समुद्री सतह बढ्यो, अक्सिजनविहीन वातावरणमा सबै सामग्री सुरक्षित रह्यो... समय नै रोकिन्छ”, मो एस्ट्रूप भन्नुहुन्छ, “हामीले राम्ररी संरक्षित काठ पाएका छौँ । हामीले हेजेलनटजस्ता बीउ पाएका छौँ । सबै कुरा उत्कृष्ट अवस्थामा छन् ।”हाल आर्हसको तुलनात्मक शान्त र सुरक्षित खाडीमा उत्खनन भइरहेका छन् । आगामी चरणमा जर्मनीको तट र उत्तर सागरका दुर्गम दुई स्थानमा थप उत्खनन गर्ने योजना छ ।

हजारौँ वर्षअघि समुद्री सतह बढ्दा, ‘डोगरल्यान्ड’ भनिने विशाल भू-भाग समुद्रले डुबायो । यो भू-भागले बेलायतलाई महाद्वीपीय युरोपसँग जोड्थ्यो, तर अहिले दक्षिणी उत्तर सागरमुनि डुबेको छ ।समुद्री सतह वृद्धिको इतिहास बुझ्न अनुसन्धानकर्ताहरूले डेन्ड्रोक्रोनोलोजी अर्थात् रूखका रिङहरूको अध्ययन गरिरहेका छन् । माटो र समुद्री पिँधका थिग्रेनीका रूपमा सुरक्षित डुबेका रूखका स्टम्पहरूले तटीय जङ्गल कहिले डुबायो भन्ने ठ्याक्कै बताउँछ ।

मोस्गार्ड सङ्ग्रहालयका डेन्ड्रोक्रोनोलोजिस्ट जोनास ओग्डल जेन्सेन भन्नुहुन्छ, “यी रूखहरू तटरेखामा कहिले मरे भन्ने कुरा हामी ठ्याक्कै भन्न सक्छौँ । यसले समयसँगै समुद्री सतह कसरी परिवर्तन भयो भन्ने स्पष्ट पार्छ ।”आज विश्वले जलवायु परिवर्तनका कारण समुद्री सतह वृद्धिको चुनौती सामना गरिरहेको अवस्थामा, यी पाषाण युगीन उत्खननहरूले त्यतिबेलाका समाजहरूले बदलिँदो तटरेखासँग कसरी जुझिरहेका थिए भन्ने विषयमा प्रकाश पार्ने अपेक्षा गरिएको छ ।

मो एस्ट्रूप भन्नुहुन्छ, “यसको मानव जीवनमा के असर पर्छ भन्ने ठ्याक्कै भन्न गाह्रो छ । तर यो स्पष्ट छ कि यसले लामो समयसम्म ठूलो प्रभाव पारेको थियो, किनकि यसले सम्पूर्ण परिदृश्यलाई परिवर्तन गरिदिएको थियो ।”संयुक्त राष्ट्रसङ्घको तथ्याङ्कअनुसार सन् २०१३ देखि सन् २०२३ को अवधिमा समुद्रको सतह विश्वव्यापी औसत चार दशमलव तीन सेन्टिमिटर (१.७ इन्च) ले बढिसकेको छ ।

# नेपाल बङ्गलादेशसँग पराजित



काठमाण्डु । नेपाल दक्षिण एसियाली फुटबल महासङ्घ (साफ) यु-१७ महिला च्याम्पियनसिपमा बङ्गलादेशसँग पराजित भएको छ । बङ्गलादेशसँगको दोस्रो हारसँगै नेपाल साफ महिला यु-१७ च्याम्पियनसिपको उपाधि होडबाट बाहिरिएको छ। नेपालले ४ खेलबाट ३ अङ्क मात्रै जोड्न सफल भयो ।

नेपाल पहिलो खेलमा भारतसँग ८-० ले पराजित भएको थियो । नेपालले भुटानसँग २-१ गोल अन्तरको जित निकालेको थियो भने बङ्गलादेशसँग ३-० गोलले पराजित भएको थियो । भुटानको थिम्पुस्थित चाङ्लिमिथाङ रङ्गशालामा आज सम्पन्न खेलमा नेपाल बङ्गलादेशसँग ४-१ गोलले पराजित भएको हो ।

बङ्गलादेशलाई जित दिलाउन सौरभी अखण्ड प्रीतिले ह्याट्रिक गर्दा र थुनुए मार्माले एक गोल थपिन् ।नेपालका लागि कप्तान भूमिका बुढाथोकीले एक गोल फर्काइन् । खेलको ३८ मिनेटमा थुनुएको गोलमार्फत बङ्गलादेशले पहिलो अग्रता लिइन् । खेलको ४४औँ मिनेटमा प्रीतिले टोलीको अग्रता दोब्बर बनाइन् ।

पहिलो हाफको इन्जुरी समयमा भूमिकाले नेपालका लागि गोल फर्काइन् । खेलको ७१औँ मिनेटमा प्रीतिले दोस्रो गोल गरिन् ।

प्रीतिले खेलको ८६औँ मिनेटमा ह्याट्रिक पूरा गरिन् । जितसँगै बङ्गलादेशले ४ खेलबाट ९ अङ्क पुऱ्याएको छ । एक खेल कम खेलेको भारतको पनि समान ९ अङ्क छ ।रासस

# दोस्रो विश्वयुद्धमा मारिएका मजदुरहरूको हड्डीहरू मानव अवशेष भएको पुष्टि

एपी

टोकियो । जापानको युद्धकालीन खानीमा फेला परेका हड्डीहरू मानव अवशेष भएको प्रहरीले बुधबार बताएको छ । साथै, ती अवशेषहरू खोज्न मद्दत गर्ने एक जापानी समूहले ती अवशेष सन् १९४२ मा एक दुर्घटनामा मृत्यु भएका करिब एक सय ८० जना श्रम गर्न बाध्य पारिएका प्रायः कोरियाली मजदुरको भएको जनाएको छ ।

पश्चिमी यामागुची प्रान्तको चोसेई खानीको पूर्व स्थलमा कोरियाली गोताखोरहरूले यसै हप्ता तीनवटा हड्डी र एउटा खोपडी फेला पारेका थिए । प्रहरीको परीक्षणले ती सबै मानव अवशेष भएको पुष्टि गरेको छ । तर प्रहरीको भनाइमा, ती हड्डी र खोपडी एउटै व्यक्तिका हुन् कि होइनन् भन्न वा उमेर र मृत्युको समय निर्धारण गर्न सकिएको छैन ।

किजामु काई नामक समूहले ती अवशेषहरू पक्कै पनि ८३ वर्षअघि खानीमा मरेका पीडितहरूकै हुनुपर्ने बताएको छ । यस खोजले एक सय ३६ जना श्रम गर्न बाध्य पारिएका कोरियाली मजदुर र ४७ जना जापानी कामदारका अन्य अवशेषहरू पत्ता लगाउने उनीहरूको प्रयासलाई ठूलो बल मिलेको समूहको भनाइ छ ।

थालेपछि मात्रै यसबारे पुनः ध्यानाकर्षण भएको थियो ।

इतिहासकारहरूका अनुसार, दोस्रो विश्वयुद्धअघि र युद्धका क्रममा जापानले लाखौँ कोरियाली मजदुरलाई जबरजस्ती लगेको थियो । अधिकांश जापानी पुरुषहरू युद्धको मोर्चामा पठाइएकाले ती मजदुरलाई खानी र कारखानामा श्रम अभाव पूरा गर्न प्रयोग गरिएको थियो ।

वर्षौंको अनुसन्धानपछि किजामु काई समूहले गत वर्षदेखि समुद्रमुनि अवशेष खोजी सुरु गरेको हो । यसमा साक्षीका बयान र ऐतिहासिक अभिलेख सङ्कलन गरिएको थियो ।

प्रधानमन्त्री इशिबाले यस वर्षको सुरुआतमा युद्धकालीन पीडितप्रति सहानुभूति व्यक्त गर्दै सुरक्षित रूपमा खोजी कसरी गर्ने भन्नेबारे विज्ञहरूसँग सल्लाह लिन अनुमति दिनुभएको थियो ।

जापानका मुख्य क्याबिनेट सचिव योशिमासा हयाशीले खानी दुर्घटनाका सबै पीडितप्रति समवेदना व्यक्त गर्दै सरकारले अवशेषहरूको परीक्षण गरिरहेको बताउनुभयो । उहाँले अझै सुरक्षित रूपमा खोजी गर्न आवश्यक विशेषज्ञता सङ्कलन गर्ने काम बाँकी रहेको बताउनुभयो ।

तर किजामु काई समूहले आफ्नै प्रयासमा खोजी गरिरहेको छ । युद्धकालीन अवशेषहरूको जिम्मेवार निकाय जापानी स्वास्थ्य तथा कल्याण मन्त्रालय खोजीमा सहयोग गर्न अनिच्छुक रहेको बताइन्छ ।



“म यस दिनको प्रतीक्षामा थिएँ”, समूहका प्रतिनिधि योको इनोउले मङ्गलबार हड्डी फेला परेको दिन भन्नुभयो ।यो खोज टोकियोमा जापानी प्रधानमन्त्री शिगेरु इशिबा र दक्षिण कोरियाली राष्ट्रपति ली जे म्युङबीच भएको शिखर सम्मेलनको केही दिनपछि भएको हो । उक्त सम्मेलनमा ऐतिहासिक मतभेदलाई बेवास्ता गर्दै सुरक्षा र व्यापार जस्ता महत्त्वपूर्ण मुद्दामा सहकार्य गर्ने प्रतिबद्धता जनाइएको थियो ।

चोसेई समुद्रतल खानी सन् १९१४ मा सञ्चालनमा आएको थियो । तर सन् १९४२ फेब्रुअरीमा खानीको छतको एउटा हिस्सा भत्किँदा पानी पसेर एक सय ८३ जना कामदारको मृत्यु भएको थियो । यो दुर्घटना लामो समयसम्म बिर्सिएको अवस्थामा रह्यो । सन् १९९१ मा नागरिक समूहहरूले पीडितहरूका लागि स्मारक निर्माण गर्ने र पूर्व खानी स्थलको संरक्षण गर्ने प्रयास

आलोचकहरूका अनुसार, जापानी सरकारले लामो समयदेखि युद्धकालीन अत्याचारबारे मौनता अख्तियार गरेको छ । यसमा एसियाली महिलाहरूको यौन दुर्व्यहार र दासत्व (विशेषगरी ‘कम्फर्ट वुमन’ भनेर चिनिएका कोरियाली महिला) तथा श्रम गर्न बाध्य पारिएका मजदुरको प्रयोगजस्ता मुद्दा पर्दछन् । जापानी सरकारले भने सन् १९६५ को सामान्यीकरण सन्धिअन्तर्गत दुई देशबीचका सबै क्षतिपूर्तिका मुद्दा समाधान भइसकेको दाबी गर्दै आएको छ । तर कोरियालीहरूले जापानको औपनिवेशिक कालीन अत्याचारका लागि क्षतिपूर्ति मागिरहँदा दुवै देशबीच सम्बन्ध प्रायः तनावपूर्ण बन्ने गरेको छ ।

# भारतीय सामानमा दोब्बर अमेरिकी कर, पुग्यो ५० प्रतिशत



एएफपी

वासिङ्टन । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले रूसबाट तेल खरिद गरेका कारण भारतलाई दबाब दिन बुधबारदेखि धेरै भारतीय उत्पादनमा विद्यमान भन्सार शुल्क दोब्बर गर्दै ५० प्रतिशत लागू गर्नुभएको छ ।

ट्रम्पले युक्रेन युद्धलाई राजस्व दिने प्रमुख स्रोत ऊर्जा कारोबारलाई रोक्ने अभियानका हिस्साका रूपमा भारतलाई लक्षित गर्नुभएको हो । यस कदमले अमेरिका-भारत सम्बन्धमा तनाव थपिएको छ र नयाँदिल्लीलाई चीनसँगको सम्बन्ध सुधार गर्न नयाँ प्रोत्साहन दिएको विश्लेषकहरूको भनाइ छ ।

सन् २०२४ मा पुनः राष्ट्रपति बनेपछि ट्रम्पले सहयोगी र प्रतिस्पर्धी दुवै देशलाई उच्च भन्सार शुल्कको मारमा पार्नुभएको छ । यो ५० प्रतिशत स्तर अमेरिकी व्यापारिक साझेदारहरूले भोगिरहेको सबैभन्दा उच्चमध्ये एक हो । तर, औषधि, कम्प्युटर चिप्स र स्मार्टफोनजस्ता केही क्षेत्रलाई भने छुट दिइएको छ । स्टिल, एल्युमिनियम र अटोमोबाइल उद्योगलाई पनि यी भन्सार शुल्कबाट अलग राखिएको छ ।

# डेनमार्कले अमेरिकी राजदूतलाई बोलायो

एपी

कोपनहेगन । डेनमार्कका विदेशमन्त्रीले देशका शीर्ष अमेरिकी कूटनीतिज्ञलाई छलफलका लागि बोलाएपछि मुख्य राष्ट्रिय प्रसारणकर्ताले बुधबार राष्ट्रपति डोनाल्ड ट्रम्पसँग सम्बन्धित कम्तीमा तीन व्यक्तिले ग्रिनल्यान्डमा गोप्य प्रभाव सञ्चालन गरिरहेको रिपोर्ट सार्वजनिक गरेको छ ।

आर्कटिक क्षेत्रमा रहेको विशाल अर्ध-स्वायत्त डेनिस क्षेत्र ग्रिनल्यान्ड लामो समयदेखि ट्रम्पको चासोको केन्द्रमा रहेको छ । तर संयुक्त राज्य अमेरिकाको नाटो सहयोगी डेनमार्क र ग्रिनल्यान्ड दुवैले उक्त टापु बिक्रीका लागि नभएको स्पष्ट गर्दै त्यहाँ अमेरिकी गुप्तचर गतिविधिको रिपोर्टको कडा शब्दमा निन्दा गरेका छन् ।

सार्वजनिक प्रसारणकर्ता डीआरले बुधबार प्रकाशित गरेको रिपोर्टअनुसार, डेनमार्क र सुरक्षा निकायका नाम नखुलाइएका स्रोतहरूसँगै ग्रिनल्याण्ड र अमेरिकाका अज्ञात सूचनादाताले ट्रम्पसँग सम्बन्धित कम्तीमा तीन अमेरिकीले यस क्षेत्रमा ‘प्रभाव सञ्चालन’ गरिरहेको विश्वास गरेका छन् ।

तीमध्ये एक व्यक्तिले अमेरिकी समर्थक ग्रिनल्यान्डवासीहरूको सूची तयार गरेको, ट्रम्पको विरोध गर्नेहरूको नाम सङ्कलन गरेको र अमेरिकी सञ्चारमाध्यममा डेनमार्कलाई नकारात्मक रूपमा देखाउन सकिने घटनाहरू पहिचान गरेको बताइएको छ ।

अन्य दुई व्यक्तिले भने राजनीतिज्ञ, व्यवसायी र स्थानीयहरूसँग सम्पर्क स्थापित गर्ने प्रयास गरेको रिपोर्टमा उल्लेख छ ।‘प्रभाव सञ्चालन’ भन्नाले समाजका मानिसहरूको सोचाइलाई राजनीतिक, सैन्य वा अन्य उद्देश्यका लागि प्रभावित पार्ने योजनाबद्ध प्रयासलाई जनाइन्छ ।


## शहिदनगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**यदुकूहा, धनुषा**
**मधेश प्रदेश, नेपाल**

## मौजुदा सूची दर्ता गराउने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८२।०५।१२**

यस नगरपालिकाको लागि आ.व. ०८२।८३ मा आवश्यक पर्ने समान तथा खरिद गर्न सार्वजनिक खरिद ऐनको दफा ६ (क) तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ मा भएको कानूनी व्यवस्था बमोजिम तपसिलको कार्य गर्न इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीले आ.व. २०८०/०८१ को व्यवसायिक नविकरण भएको प्रमाण पत्र कर चुक्ता प्रमाण पत्र सहित स्थायी लेखा नम्बर र मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी सहित सार्वजनिक खरिद नियमावली २०६४ को अनुसुची २ (क) बमोजिमको ढाँचामा निवेदन दिनु हुन र आ.व. २०८१/०८२ मा यस कार्यालयमा सुचीकृत दर्ता गरेको तथा आ.व. २०८१/०८२ को व्यवसाय नविकरण भएको प्रमाण पत्र कर चुक्ता प्रमाण पत्र सहित स्थायी लेखा नम्बर र मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र नियमानुसार निवेदन दिनु हुन जानकारी गराईन्छ ।

**तपसिल**

१. मसलन्द छपाई तथा कार्यालय सामान आपूर्ति
२. फर्निचर तथा फर्निशिंग सामान आपूर्ति तथा मर्मत सम्बन्धी कार्य
३. मेशिनरी औजार (कम्प्युटर, प्रिन्टर फोटोकोपी मेशिन आदी) तथा इलेक्ट्रिकल सामान आपूर्ति तथा मर्मत,
४. भवन मर्मत सम्भार निर्माण सम्बन्धी सेवा
५. कुरियर सेवा
६. प्रशासनिक विषय संग सम्बन्धी अध्ययन अनुसन्धान तथा विभिन्न विषय संग सम्बन्धि सफटवेयर निर्माण मर्मत तथा आपुर्ति र सुचना प्रविधि संग सम्बन्धी विभिन्न परामर्श सेवा
७. फलफुल बिरुवा सप्लाई तथा बगैंचा व्यवस्थापन सम्बन्धी कार्य
८. स्वास्थ्य, पशु, कृषिजन्य औषधी तथा सर्जिकल उपकरणाहरु
९. खाजा, खाना, चिया, पानी आदि
१०. विज्ञापन प्रकासन सम्बन्धी
११. विभिन्न प्राविधिक विषयको सेवा आपूर्ति, सबै डिजाइन आदि
१२. इन्टरनेट सेवा
१३. पत्रपत्रिका आपूर्ति गर्ने काम
१४. इन्धन आपूर्ति गर्ने काम



## धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको १५ दिने सूचना

प्रकाशित मिति : २०८२/०५/१२ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस विकास बैंकको शाखा कार्यालय बर्दिबास, महोत्तरीबाट तपसिलमा उल्लेखित ऋणीले लिनु भएको ऋण कर्जा वापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि नतिरी नबुझाई कर्जाको शर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण कर्जा लगायतको बैंकको लेना रकम तिर्न बुझाउनको लागि पटक पटक मौखिक, लिखित एवं विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरी कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा नबुझाई बैंकको अनुरोधलाई वेवास्ता गर्नु भएको हुँदा ऋण कर्जाको धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखित चल/अचल सम्पत्ति, जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने अवस्था आएकोले यो गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ । धितोमा रहेको तपसिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति वा संघ संस्थाहरुले बैंकको सम्बन्धित शाखा कार्यालयबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सम्बन्धित शाखा कार्यालयमा बुझाउन सक्नुहुनेछ । बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ । सो शर्तहरु यसै सूचनाको अभिन्न अङ्गको रुपमा लागु हुनेछन् । बोलपत्र दर्ता गर्ने अन्तिम दिन र/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो लगत्तै बैंक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने र/वा बोलपत्र खोलिने छ । उल्लेखित समयावधि भित्रमा कर्जा चुक्ता गर्नु गराउनु हुन ऋणी लगायत सम्बन्धित पक्षहरुलाई अनुरोध गर्दछौं । अन्यथा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन । उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याङ्कन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, अन्य प्रचलित ऐन कानून तथा बैंकको नियमानुसार असुल उपर हुन बाँकी बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गरी गराई धितो सम्पत्ति फिर्ता लिन हुन ऋणी, धितो धनी तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा पुनः अनुरोध गरिन्छ ।

| बोलपत्र दर्ता गर्ने अन्तिम मिति | बोलपत्र खोलिने मिति/समय |
| --- | --- |
| २०८२/०५/२६ गते/स्थान : शाखा कार्यालय बर्दिबास, महोत्तरी | २०८२/०५/२९ गते, आइतबार दिनको ३ बजे |

| क्र.सं. | ऋणीको नाम, ठेगाना | |
| --- | --- | --- |
| १. | **नाम : राम किशोर साह**<br>ना.प्र.नं. १८२६१७२७, जि.प्र.का. महोत्तरी, जारी मिति : २०४२/०६/०७<br>बाबुको नाम : धनि साह तेली, बाजेको नाम : जिया साह<br>ठेगाना : महोत्तरी जिल्ला, बिजलपुरा वडा नं. २, हाल : महोत्तरी जिल्ला, बर्दिबास न.पा. वडा नं. १२ | |
| | **जमानतकर्ताको विवरण** | |
| | **१. नाम : प्रतिमा देवी**<br>ना.प्र.नं. १८२६२६१६, जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०४६/११/२५<br>पतिको नाम : राम किशोर साह<br>ससुराको नाम : धनि साह तेली<br>ठेगाना : महोत्तरी जिल्ला, बिजलपुरा वडा नं. ८<br>हाल : महोत्तरी जिल्ला, बर्दिबास न.पा. वडा नं. १२ | **२. नाम : अमित कुमार शाह**<br>ना.प्र.नं. १८-१-०६३/३५, जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०६५/०२/२३<br>बाबुको नाम : राम किशोर साह<br>बाजेको नाम : धनि साह तेली<br>ठेगाना : महोत्तरी जिल्ला, बर्दिबास न.पा. वडा नं. १२ |
| | **धितोको विवरण** | |
| | प्रतिमा देवीको नाममा मालपोत कार्यालय धनुषामा दर्ता श्रेष्ता कायम रहेको धनुषा जिल्ला, हरिहरपुर वडा नं. १ ख स्थित कित्ता नं. ३४२४, ३४२० र ३६११ को क्षेत्रफल क्रमशः ०-२-०-१२, ०-०-१४-८ र ०-१-१०-० (बि.क.धु.क.) भएको जग्गा तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत । | |
| | **ऋणीको नाम, ठेगाना** | **जमानतकर्ताको विवरण** |
| २. | **नाम : मो. मोजीनुर रहमान**<br>ना.प्र.नं. १७३०९६/१९७०, जि.प्र.का. धनुषा<br>जारी मिति : २०६३/१०/१९<br>बाबुको नाम : मो. ववन रहमान<br>बाजेको नाम : फंचकराम रहमान<br>ठेगाना : धनुषा जिल्ला, ढल्केबर वडा नं. ५ | **नाम : लाल बाबु प्र. गुप्ता**<br>ना.प्र.नं. १५३०१००/४१, जि.प्र.का. सिराहा<br>जारी मिति : २०६३/१२/०८<br>बाबुको नाम : राम नगीना प्र. गुप्ता<br>बाजेको नाम : मुनेश्वर साह<br>ठेगाना : सिराहा जिल्ला, महेशपुर वडा नं. ५<br>हाल : सिराहा जिल्ला, मिर्चैया न.पा. वडा नं. ६ |
| | **धितोको विवरण** | |
| | मो. मोजिनुर रहमानको मालपोत कार्यालय सिराहामा नाममा श्रेष्ता दर्ता कायम रहेको सिराहा जिल्ला, फुलवरीया वडा नं. ३, नक्सा सिट नं. ३ क स्थित कित्ता नं. ३१४९, ३१५० र ३१६१ को क्षेत्रफल क्रमशः ०-०-३-०, ०-०-११-० र ०-०-१-२ (बि.क.धु.क.) भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत । | |

**ज्योति विकास बैंक लि.**
**JYOTI BIKASH BANK LTD.**
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट “ख” वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालयः का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : बर्दिबास, महोत्तरी, फोन नं. ०४४-५५०५६६
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

# बजाज प्रिमियर लिग सुरु, मोटरसाइकल खरिदसँगै पुरस्कार र उपहारको आकर्षण

**टुडे समाचारदाता**

काठमाण्डु । नेपालका लागि बजाज मोटरसाइकलको आधिकारिक वितरक हंसराज हुलासचन्द एण्ड कम्पनी प्रा.लि. ले यस वर्षको दसैं र तिहारलाई लक्षित गर्दै नयाँ अभियान ‘ बजाज प्रिमियर लिग (द्यएी)’ सार्वजनिक गरेको छ।


कम्पनीका अनुसार अब मोटरसाइकल नेपालीका लागि केवल आवागमनको साधन मात्र नभई जीवनशैली र पहिचानको प्रतीक बनेकाले ग्राहकलाई अझ नजिक ल्याउने उद्देश्यले यो अभियान सुरु गरिएको हो।

क्याम्पेनका मुख्य आकर्षणको रुपमा जति धेरै रन, त्यति धेरै नगद पुरस्कार,सातै प्रदेशबाट हरेक हप्तामा रु. ५०,००० नगद उपहार,प्लेयर अफ द विक बन्ने ग्राहकलाई रु. १ लाख नगद,चर्चित क्रिकेटर हरूसँग प्रत्यक्ष भेट्ने अवसर लगायतको रहेको छ । यस योजनामा मोटरसाइकल खरिद गर्ने ग्राहकले क्रिकेट स्कोरिङ शैलीमै रन कमाएर नगद जित्न सक्नेछन्। साथै नागरिकताको आधारमा सहज फाइनान्सिङ सुविधा पनि उपलब्ध हुने कम्पनीले जनाएको छ।

गोल्छा ग्रुपका निर्देशक अभिमन्यु गोल्छा का अनुसार, “नेपालमा बजाज मोटरसाइकललाई भरपर्दो र लोकप्रिय ब्रान्डको रूपमा स्थापित गर्दै आएको कम्पनीले यो अभियानमार्फत ग्राहकसँगको भावनात्मक सम्बन्ध अझ गहिरो बनाउन खोजेको छ। यसले ग्राहकलाई मात्र नभई आम सर्वसाधारणलाई पनि चाडपर्वको रमाइलो उत्सव र जितको नयाँ अनुभव दिलाउने विश्वास लिएका छौं।”

त्यसैगरी मोबाइल गेम प्रेमीहरूलाई लक्षित गर्दै कम्पनीले क्रिकेट गेम खेलेर पनि विभिन्न उपहार जित्ने अवसर प्रदान गरेको छ। यस गेममा धेरै रन लिन सफल हुनेले आकर्षक उपहार पाउनेछन्।

यसरी, ‘बजाज प्रिमियर लिग (द्यएी)’ अभियानले मोटरसाइकल खरिदकर्तालाई नगद पुरस्कारसँगै क्रिकेटसँग जोडिएका रमाइला अनुभव र चाडपर्वको उत्साहलाई थप विशेष बनाउने लक्ष्य राखेको छ।




# नेपाल–भारत सम्बन्ध सुधारमा जोड

**टुडे समाचारदाता**

वीरगञ्ज । नेपाल-भारतका जनताबीचको सम्बन्ध ऐतिहासिक रूपमा घनिष्ठ र आत्मीय रहे पनि सरकारी तहमा देखिने असमझदारी र नीतिगत कमजोरीका कारण दुई देशबीचको व्यापार र सहकार्यले अपेक्षित उपलब्धि हासिल गर्न नसकेको निष्कर्ष व्यवसायीहरुले निकालेका छन् ।




वीरगञ्जमा बुधबार सम्पन्न भएकोभारत-नेपालआर्थिकसाझेदारी सम्मेलनमा विभिन्न वक्ताहरूले प्रस्तुत गरेका धारणा मार्फत नेपाल-भारतबीचको व्यवसायीहरुसंगको सम्बन्ध पनि अति आवश्यक रहेको बताएका छन्।

उक्त कार्यक्रममा वीरगञ्ज स्थित भारतीय महावाणिज्य दूत देवी सहाय मिनाले नेपालको जलविद्युत भारत र बंगलादेशका लागि ठूलो बजार भएको भन्दै नेपालले यस क्षेत्रमा बढी ध्यान दिनुपर्ने सुझाव दिए।

उनले भने, “भारत नेपालको सबैभन्दा ठूलो निर्यात गन्तव्य हो, त्यसैले नेपालले भारतसँगको निर्यात व्यापारलाई प्राथमिकतामा राख्नुपर्छ।”

मिनाले भारत आफ्नो विकासको अनुभव नेपालसँग साझा गर्न इच्छुक रहेको पनि प्रष्ट पारे।

उक्त सम्मेलनमा नेपाल उद्योग वाणिज्य महासंघ मधेश प्रदेश अध्यक्ष अशोक टेमानीले नेपाल-भारत व्यापारमा नीति र प्रक्रियागत अवरोध प्रमुख समस्या भएको औंल्याए। उनका अनुसार, नेपालबाट भारततर्फ मालवस्तु निर्यात गर्दा र भारतबाट नेपालतर्फ आयात गर्दा निरन्तर भारतीय पक्षबाट विभिन्न जटिलता र अवरोध देखिने गरेको छ। यसले नेपाली उद्योगी व्यवसायीलाई लामो समयदेखि समस्या भोग्न बाध्य बनाएको उनले बताए।

उनले जनस्तरमा सम्बन्ध राम्रो भए पनि सरकारी स्तरमा सम्बन्ध सुधार नहुँदा व्यापारमा ठूला अवसर गुमिरहेको उल्लेख गरे।

आयोजक संघका सचिव अभिषेक चौधरीले नेपाल र भारत दुवैलाई लाभ हुने किसिमको सार्वजनिक साझेदारी आवश्यक रहेको बताए।

उनले वीरगञ्जलाई केवल प्रवेशद्वारको रूपमा मात्र होइन, साझा समृद्धि हासिल गर्ने प्रमुख पूर्वाधारका रूपमा विकास गर्नुपर्नेमा जोड दिए।

वीरगञ्ज उद्योग वाणिज्य संघ अध्यक्ष हरी गौतमले नेपाल-भारतले जलविद्युत, कृषि र पर्यटन जस्ता क्षेत्रमा साझा सहकार्य गर्न सक्ने ठूला सम्भावना रहेको बताए।

उनले धार्मिक पर्यटनलाई उदाहरण दिँदै भने, “यदि अयोध्यामा पुग्ने कूल धार्मिक पर्यटक मध्ये २ प्रतिशतलाई मात्र जनकपुर ल्याउन सकियो भने, नेपालको पर्यटन उद्योगले ठूलो फड्को मार्नेछ।”

उनले प्राविधिक शिक्षा क्षेत्रमा समेत दुवै देशले सहकार्य गर्न सक्ने सुझाव दिए।

सो सम्मेलनमा मधेश प्रदेश नीति तथा योजना आयोग उपाध्यक्ष डा. सोहन साहले यस प्रदेशमा भारतीय लगानी अन्य प्रदेशको तुलनामा न्यून रहेको र पछिल्ला वर्षमा नेपालमा भारतीय लगानी झनै घट्दो क्रममा हुनु दुःखद भएको उल्लेख गरे।

उनले जलस्रोत र पर्यटन क्षेत्रमा सहकार्य विस्तार गर्न सके आर्थिक समृद्धि सम्भव रहेको बताए।

सम्मेलनमा नेपाल-भारत जनस्तरमा सम्बन्ध मजबुत भए पनि सरकारी तहमा देखिने असमझदारीले व्यापार र लगानी प्रभावित भइरहेको दुखेसो ब्यक्त गरिएको थियो।

जलविद्युत, कृषि, पर्यटन र शिक्षा क्षेत्रमा सहकार्यले दुवै देशलाई ठूलो लाभ दिलाउन सक्ने भएपनि तस्करी नियन्त्रण, लगानीमैत्री वातावरण निर्माण र व्यापारिक नीतिमा सुधार नगरेसम्म दुई देशबीचको आर्थिक साझेदारीले आशातीत सफलता पाउने नदेखिएको धारणा राखेका थिए।

# आरनलाई आधुनिक बनाउन सहयोग गर्दै हिलिहाङ

पाँचथर । हिलिहाङ गाउँपालिकाले परम्परागत रूपमा आरन सञ्चालन गरिरहेका १० जनालाई उपकरण उपलब्ध गराएको छ । गाउँपालिकाले मङ्गलबार १० जना व्यवसायीलाई वेल्डिङ मेसिन, ड्रिल मेसिन, वेल्डिङ रड र ड्रिलबिट प्रदान गरेको हो।

हिलिहाङ गाउँपालिकाका अध्यक्ष समरबहादुर अधिकारीका अनुसार रु दुई लाख ४८ हजार लागतमा ती उपकरण खरिद गरी व्यवसायीलाई वितरण गरिएको हो।

“आरन चलाउनेको सङ्ख्या घट्दै गएको छ । पहिलो चरणमा १० जनालाई सहयोग गरेका छौँ, गाउँपालिकाको सहयोगले व्यवसायलाई नयाँ रुपमा विकास गरी आम्दानी बढाउन सहयोग पुग्ने अपेक्षा गरेका छौँ”, अध्यक्ष अधिकारीले भन्नुभयो। यहाँका विशेषतः गाउँघरमा कृषि र घरायसी प्रयोगका औजार निर्माण र मर्मत गरिन्छ।

त्यसैगरी, चालु आवमा सङ्घीय सरकारले दलित समुदायका परम्परागत पेसा व्यवसाय प्रवर्द्धन गर्न रु ५० लाख विशेष अनुदान उपलब्ध गराएको उहाँले बताउनुभयो । उक्त बजेटले अधिकांश आरन ब्यवसायीलाई आवश्यक सामग्री उपलब्ध गराउने अधिकारीले बताउनुभयो।

परम्परागत रूपमा सञ्चालित आरनबाट निर्मित औजार गुणस्तरीय हुने भए पनि अहिले बजारमा पाइने औजारभन्दा मूल्य बढी पर्ने गरेको छ। यहाँका आरनलाई आधुनिक बनाउन सके उत्पादित औजारको मूल्य पनि घट्ने उत्पादकहरू बताउँछन् । आगामी वर्षमा भने गाउँपालिकाले तथ्याङ्क सङ्कलन गरी आवश्यकताका आधारमा सामग्री उपलब्ध गराउने तयारी गरेको छ।रासस

# सिँचाइका लागि एक वर्षमा १६ डिप बोरिङ वितरण

नवलपुर । नवलपरासी (बर्दघाट-सुस्तापूर्व)मा एक वर्षको अवधिमा सिँचाइका लागि १६ वटा ‘डिप बोरिङ’ वितरण गरिएको छ। गत आर्थिक वर्ष २०८१/८२ मा वितरण भएको डिप बोरिङले जिल्लाका करिब ४२५ हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा पुगेको भूमिगत जल सिँचाइ आयोजना कार्यालय भरतपुरले जनाएको छ।

आयोजना प्रमुख इञ्जिनियर विश्वबन्धु केसीले एउटा डिप बोरिङबाट करिब २५ देखि ३० हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा पुग्ने बताउनुभयो । “हामीले गत वर्षबाट मात्रै नवलपरासी (बर्दघाट-सुस्तापूर्व)मा डिप बोरिङको काम गरेका हौं”, उहाँले भन्नुभयो, “एउटा डिप बोरिङबाट करिब १५० जनासम्म कृषक लाभान्वित हुनुभएको छ ।” जिल्लाको गैंडाकोट नगरपालिकामा पाँच, विनयी त्रिवेणी गाउँपालिकामा चार, मध्यविन्दु नगरपालिकामा तीन, कावासोती नगरपालिकामा तीन र देवचुली नगरपालिकामा एउटा डिप बोरिङ वितरण गरिएको जानकारी दिनुभयो।

किसानबाट माग भएपछि सम्भाव्यता अध्ययन गरी प्राथमिकताको आधारमा डिप बोरिङ वितरण गरिने छ। रासस

## भूमि सुधार तथा मालपोत कार्यालय, गौर, रौतहट

### दा. खा.मि.नं. मोठ भिडेको कट्टा सम्बन्धी हकदाबी बारे ३५ दिने सार्वजनिक सूचना

यसमा जिल्ला रौतहट साविक गाविस मत्सरी वार्ड न. ६ हाल दुर्गा भगवाती गा.पा.-३ मा बस्ने महिराम दास तत्माको नाती रमेसर दास तत्माको छोरा देवलाल दास तत्माले आफ्नो नाउँमा दर्ता कारयम रहेको नाउँमा दर्ता कायम रहेको जग्गा जिल्ला रौतहट साविक गा.वि.स. गंगापिप्रा वार्ड नं.७ किता नं. ४२७ को ज.वि.०- २-० जग्गाको रौतहट जिल्ला अदालत गौरको अंश हक दिलाई पाउ २०७९-अउ-१९२२ मुद्रमा मिती २०८०/०१/१७ को मिलापत्र बमोजिम दा. खा. गरी पाउँ भनी द.नं. १४२१६ मिती २०८१/०१/१२ को माँग निवेदन आएकोमा ज.ध. देवलाल दासको नाउँमा मोठ कायम रही रोक्का नदेखिएको साथै दा. खा.मि.नं.९५७ मिती २०७५/१२/१४ र दा. खा.मि.नं. ६१८ मिति २०६५/०७/०२ मा मोठ भिडेको भनी मोठ फाँटवाट लेखिआएको सो जग्गामा दा.खा.मि.नं. भिडेको समबन्धि हकदावी वारे सम्बन्धी ३५ दिने सार्वजनिक सुचना प्रकाशित भई म्याद सकेपछि पेश गर्ने भनी मिति २०८२/०४/२७ गतेको आदेश बमोजिम सोको हकदावी बारे यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ। निजको तिनपुस्ता भित्रको नाता पर्ने अन्य कोही भए, असर पर्ने भए वा दा.खा.हुनु नपर्ने कुनै कारण भए स-प्रमाण सहित आफु वा रित पूर्वकको वारेस मार्फत यो सूचना जारी भएको ३५ दिन भित्र यस कार्यालयमा प्रतिवाद गर्न आउनु होला अन्यथा कानून बमोजिम मोठ भिडेको कट्टा भई भै दा. खा. भै जाने छ।

**तपसिल**

| जिल्ला | गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल | ज.ध. |
|---|---|---|---|---|---|
| रौतहट | गंगापिप्रा | ५ | ९५५ | ०-१-१५ | देवलाल दास मत्सरी ६ |
| रौतहट | गंगापिप्रा | ५ | ९४८ | ०-०-१८ | देवलाल दास मत्सरी ६ |
| रौतहट | गंगापिप्रा | ५ | ९४३ | ०-०-४-८ | देवलाल दास मत्सरी-६ |
| रौतहट | गंगापिप्रा | ५ | ९३९ | ०-०-१९-४ | देवलाल दास मत्सरी ६ |
| रौतहट | गंगापिप्रा | ५ | ९५२ | ०-१-१-४ | देवलाल दास मत्सरी ६ |
| रौतहट | गंगापिप्रा | ५ | ९.३६ | ०-०-८ | देवलाल दास मत्सरी-६ |
| रौतहट | गंगापिप्रा | ५ | ९५७ | ०-०-२-८ | देवलाल दास मत्सरी-६ |
| रौतहट | गंगापिप्रा | ५ | ९७३ | ०-०-२-८ | देवलाल दास मत्सरी ६ |
| रौतहट | गंगापिप्रा | ५ | १०२७ | ०-०-१५ | देवलाल दास मत्सरी-६ |

## महिला साना किसान कृषि सहकारी संस्था लि.

**औरही गा.पा.५ चक्कर, धनुषा**

### कृषि यन्त्र तथा उपकरणहरु खरिदको लागि सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

**सिलबन्दी दरभाउपत्र नं. ०१–२०८२/२०८३**

**प्रथम पटक सुचना प्रकाशित भएको मिती : २०८२/०५/१२**

महिला साना किसान कृषि सहकारी संस्था लि. औरही गा.पा.-५ चक्कर ,धनुषाले GGGI द्वारा संचालित Climate Smart Agriculture (CSA) परियोजना अन्तर्गत Challenge Fund गतिविधी कार्यान्वयन गर्नको लागि Agriculture Custom Hiring Center सुरुवात तथा स्तरोन्नती गर्नको लागि आवश्यक कृषि मेसिनरी तथा उपकरणहरु खरिद गर्नु पर्ने छ।

उल्लेखित परियोजना अन्तर्गत Agriculture Custom Hiring Center को लागि तपसिल अनुसारका कृषि मेसिनरी तथा उपकरणहरु आपुर्तिको लागि सिलबन्दी दरभाउपत्र आव्हान गरिन्छ। साथै देशैभरिका ईजाजत प्राप्त आपुर्ति गर्न इच्छुक अधिकृत/आधिकारिक बिक्रेता, आपुर्तिकर्ता तथा बितरकहरुबाट यो सुचना प्रकाशन भएको मितिले ३० दिन भित्र तपसिलको शर्तहरुको अधिनमा रही कार्यालय समय भित्र गोप्य सिलबन्दी दरभाउपत्र पेश गर्नु हुन वा ईमेल ठेगाना mahilasanakisanchakkar734@gmail.com मार्फत पेश गर्नुहुन यो सुचना प्रकाशित गरिएको छ।

**आपुर्ति गरिने सामग्रिहरुको बिवरणः–**

लिङ्कः-https://drive.google.com/drive/folders/1PlRj_8DRBuVRyUCiRdk0tZx6gtZ92b-O?usp=sharing

**तपसिलः-**

१. माथि उल्लेखित मेसिनरी तथा उपकरणहरु एकमुष्ट वा छुट्टाछुट्टै खरिद गर्न सकिनेछ। ईच्छुक अधिकृत विक्रेता, आपुर्तीकर्ता वा बितरकले आफु संग उपलब्ध मेसिनरी तथा उपकरणहरु मात्रको लागि पनि सिलबनदी दरभाउपत्र पेश गर्न सकिनेछ। गुणस्तरिय मेसिनरी तथा उपकरण र बिक्री पश्चातको सेवा सुबिधालाई उच्च प्राथमिकता दिईनेछ।
२. विक्रेतालाई भुक्तानी गर्दा बैंक खाता बाट गरिने र नियमानुसार लाग्ने कर कट्टी गरि मात्र भुक्तानी गरिने छ।
३. उपरोक्त कारोबार भदौ १२ देखि मंसिर १५, २०८२ सम्म संचालन गरिनेछ।
४. ईच्छुक अधिकृत विक्रेता, आपुर्तीकर्ता वा बितरकले संस्थाको कार्यालयमा उपस्थित भई वा (माथि लिङ्कबाट डाउनलोड गरि) प्राप्त गर्न सकिने छ। यो सुचना प्रकाशन भएको मितिले ३० दिन भित्र यस सहकारी संस्थाको कार्यालयमा दरभाउ उल्लेखित गरी पेश गर्न सकिने छ (अन्तिम दिन विदा पर्न गएमा सो पछि कार्यालय खुल्ने दिनमा तोकिएको समयमा पेश गर्न सकिनेछ)।
५. सिलबन्दी दरभाउपत्र पेश गर्दा नविकरण भएको ईजाजतपत्र, आयकर दर्ता प्रमाण पत्र, भ्याट दर्ता प्रमाण पत्र र करचुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि (आ.व. २०८१/२०८२ वा म्याद थपको पत्र सहित २०८०/२०८१ को करचुक्ता ) पेश गर्नु पर्ने छ।
६. सिलबन्दी दरभाउ पेश गर्ने सप्लायर्स/कम्पनी/फर्महरुले दर्ता शुल्क वापत रु १,००० (फिर्ता नहुने गरि) संस्थाको उल्लेखित खातामा जम्मा गरि, जम्मा गरेको भौचर सिलबन्दी दरभाउपत्र संग पेश गर्नु पर्नेछ।
७. बोलपत्र फारममा उल्लेखित प्रत्येक मेसिनरी तथा उपकरणको दररेट (कर समेत) अंक र अक्षर दुबैमा स्पष्ट लेखिएको हुनुपर्नेछ। अंकअक्षर बीच फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ। केरमेट वा टिपेक्स लागेको अंक मान्य हुने छैन।
८. कार्यालयमा प्राप्त हुने बोलपत्र फाराम खामबन्द गरी लाहाछापले सिलबन्दी गरिएको हुनु पर्ने छ, अन्यथा उक्त बोलपत्र दर्ता गर्न बाध्य हुने छैन।
९. पेश गरिएका बोलपत्रहरु मिति २०८२ असोज १० गते १ बजे सहकारी संस्थाका पदाधिकारी, जि.जि.जि.आई. का प्रतिनिधी र बोलपत्रदाता स्वयम वा निजको प्रतिनिधीको उपस्थितिमा यस संस्थाको कार्यालयमा खोलिने छ। तोकिएको दिनमा बोलपत्रदाता वा प्रतिनिधी अनुपस्थित भएमा पनि सिलबन्दी दरभाउपत्र खोल्न कुनै बाधा पर्ने छैन। तर सो दिन सार्वजानिक विदा परेमा सो को लगतै कार्यालय खुलेको दिन सिलबन्दी दरभाउपत्र खोलिने छ।
१०. म्याद नाघी वा रित नपुगी आएका बोलपत्र उपर कुनै कारबाही हुने छैन।
११. अन्य शर्तहरु महिला साना किसान कृषि सहकारी संस्था लि.औरही गा.पा.५ चक्कर, धनुषाको खरिद नीती तथा नियमावली र नेपाल सरकारको प्रचलीत कानून बमोजिम हुनेछ। निर्णयको सर्वाधिकार महिला साना किसान कृषि सहकारी संस्था लि.औरही गा.पा.५ चक्करमा निहित रहनेछ।
१२. बोलपत्रदाताले जम्मा प्रस्तावितक बोल रकमको २.५ प्रतिशत एकमुष्ट रकम BID सुरक्षण वापत Bank Guarantee यस कार्यालयको नाममा जारी भएको पत्र पेश गर्नुपर्ने छ वा BID सुरक्षण वापतको रकम यस सहकारी संस्थाको नाम महिला साना किसान कृषि सहकारी संस्था लि.मा रहेको Laxmi Sunrise Bank खाता नं. ०१११२०२४११४ मा दाखिला गरि जम्मा गरेको बैक भौचर वा सुरक्षण वापतको Bank Guarantee पत्र सिलबन्दी बोलपत्र संगै पेश गर्नु पर्ने छ।
१३. थप जानकारी आवश्यक परेमा तल उल्लेखित ईमेल मार्फत जानकारी प्राप्तगर्न सकिने छ।

**बोलपत्र पेश गर्ने र खोलिने ठेगाना**

महिला साना किसान कृषि सहकारी संस्था लि.,
औरही गा.पा.-५ चक्कर,धनुषा मधेश प्रदेश
ईमेलः mahilasanakisanchakkar734@gmail.com
सम्पर्क : ९८२४८४१०६०

## सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय बहादुरमाई, पर्साको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना

प्रकाशित मिति : २०८२/०५/१२ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, किस्ता तथा ब्याज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित ताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना **ऋणी राज कुमार पंडितको हकमा मिति २०८१/०७/१४** को कान्तिपुर राष्ट्रिय दैनिक, **ऋणी गम्भीरा दासको हकमा मिति २०८०/१०/१७** को आर्थिक अभियान राष्ट्रिय दैनिक र **ऋणी जगदिश दास तत्वाको हकमा मिति २०८०/०७/१५** को आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपसिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन एवं बैंकको आन्तरिक नियम अनुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिने हुँदा इच्छुक महानुभावहरुले तपसिलमा उल्लिखित शर्त बन्देजहरुको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणीहरु तथा जमानत गरिदिने व्यक्तिले लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ। धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ।

**तपसिल**

| ऋणीको विवरण | व्यक्तिगत जमानीकर्ताको विवरण |
|---|---|
| **१.** शिवनारायण पंडितको नाति, रघुनाथ पंडितको छोरा, पर्सा जिल्ला, साविक बहुअरी पिडरी गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल पर्सा जिल्ला, बहुदरमाई न.पा. वडा नं. ४, डोकैला बस्ने **राज कुमार पंडित** (ना.प्र.नं. ०५१८२६९२, जारी मिति २०५९/०२/१६, जि.प्र.का. पर्सा)। | रघुनाथ पंडितको बुहारी, राज कुमार पंडितको पत्नि, पर्सा जिल्ला, बहुदरमाई न.पा. वडा नं. ४, डोकैला बस्ने **वबिता कुमारी पंडित** (ना.प्र.नं. ३४-०१-७८-०४५४९, जारी मिति २०७८/०५/३०, जि.प्र.का. पर्सा)। |
| **धितोको विवरण** | |
| राज कुमार पंडित (ना.प्र.नं. ०५१८२६९२, जारी मिति २०५९/०२/१६, जि.प्र.का. पर्सा) को नाममा मालपोत कार्यालय वीरगंज, पर्सामा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का रहेको पर्सा जिल्ला, बहुअरी पिडरी गा.वि.स. वडा नं. ६ नक्सा सिट नं. ६ स्थित कि.नं. ९६४ को क्षेत्रफल ०-१-६-८ (विगहा) बमोजिमको जग्गा एवं सो मा जडित सम्पूर्ण लिगलगापात समेत। | |
| **ऋणीको विवरण** | **व्यक्तिगत जमानीकर्ताको विवरण** |
| **२.** जगरनाथ दास तत्वाको नाति, वलराम दास तत्माको छोरा, पर्सा जिल्ला, साविक उदयपुर घुर्मी गा.वि.स. वडा नं. ९ स्थायी ठेगाना भई हाल पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. २७ बस्ने **गम्भीरा दास** (ना.प्र.नं. ९८६११७८७, जारी मिति २०५८/१२/०८, जि.प्र.का. पर्सा)। | वलराम दास तत्माको बुहारी, गम्भीरा दासको पत्नि, पर्सा जिल्ला, साविक उदयपुर घुर्मी गा.वि.स. वडा नं. ९ स्थायी ठेगाना भई हाल पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. २७ बस्ने **लालसा देवी** (ना.प्र.नं. ९८६११७८९, जारी मिति २०५८/१२/१२, जि.प्र.का पर्सा)। |
| **धितोको विवरण** | |
| गम्भीरा दास (ना.प्र.नं. ९८६११७८७, जारी मिति २०५८/१२/०८, जि.प्र.का. पर्सा) को नाममा मालपोत कार्यालय वीरगंज, पर्सामा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का रहेको पर्सा जिल्ला, उदयपुर घुर्मी गा.वि.स. वडा नं. ९ नक्सा सिट नं. ९ स्थित कि.नं. १८०७ को क्षेत्रफल ०-२-१२-८ (विगहा) बमोजिमको जग्गा तथा सोमा जडित सम्पूर्ण लिगलगापात समेत। | |
| **ऋणीको विवरण** | **व्यक्तिगत जमानीकर्ताको विवरण** |
| **३.** चुरामन दासको नाति, द्वारिका दासको छोरा, पर्सा जिल्ला, साविक वागेश्वरी तित्रौना गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल पर्सा जिल्ला, पर्सागढी न.पा. वडा नं. ७, फुलवरीया बस्ने **जगदिश दास तत्वा** (ना.प्र.नं. ३४३००६/१९, जारी मिति २०६३/१२/२१, जि.प्र.का. पर्सा)। | द्वारिका दासको बुहारी, जगदिश दास तत्वाको पत्नि, पर्सा जिल्ला, साविक वागेश्वरी तित्रौना गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल पर्सा जिल्ला, पर्सागढी न.पा. वडा नं. ७, फुलवरीया बस्ने **महोदरी कुमारी** (ना.प्र.नं. ९८६१२०४०, जारी मिति २०६१/११/२४, जि.प्र.का. पर्सा)। |
| **धितोको विवरण** | |
| जगदिश दास तत्वा (ना.प्र.नं. ३४३००६/१९, जारी मिति २०६३/१२/२१, जि.प्र.का. पर्सा) को नाममा मालपोत कार्यालय वीरगंज, पर्सामा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का रहेको पर्सा जिल्ला, साविक वागेश्वरी तित्रौना गा.वि.स. वडा नं. ४ नक्सा सिट नं. १०७१५४७०१ स्थित कि.नं. ७० को क्षेत्रफल १२३.७५ (व.मि.) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत। | |

**शर्तहरु :**

१. बोलपत्र फारम रु. १,०००/- (अक्षरेपी एक हजार मात्र) तिरी यस बैंकको सम्पूर्ण शाखा कार्यालयहरुबाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८२/०५/२६ गते १६:०० बजे भित्र यस बैंकको शाखा कार्यालय बहादुरमाई, पर्सामा बुझाई सक्नु पर्नेछ।
३. प्राप्त बोलपत्रहरु मिति २०८२/०५/२७ गते १६:०० बजे यस बैंकको शाखा कार्यालय बहादुरमाई, पर्सामा बोलपत्रदाता र/वा निजका प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। तर बोलपत्रदाता वा निजको प्रतिनिधीको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन।
४. बोलपत्र बुझाउने अन्तिम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको १६:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र बुझाउने अन्तिम दिनको भोलीपल्ट बोलपत्र खोलिनेछ। त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन १६:०० बजे बोलपत्र खोलिनेछ।
५. लिलाम गर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ। बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुल गर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नु पर्नेछ। बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ।
६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत यस बैंकको जुन सुकै शाखाबाट खाता नं. ४४०९००००१ मा रकम जम्मा गरी सो को सक्कल भौचर र/वा अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर चेक समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ। धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखितरुपमा पठाईनेछ र सो सूचना प्राप्त स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको दिन भित्र कवोल गरेको सम्पूर्ण रकम नगदै वा अन्य वित्तिय माद्यम मार्फत तोकिएको खातामा जम्मा गर्नुपर्नेछ। साथै उक्त समय भित्र कवुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण कर शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ। त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटी वापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ। तर सो मा कुनै व्याज प्रदान गरिने छैन।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ। रीत नपुर्‍याई दर्ता हुन आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको हात्तिसार, काठमाडौं स्थित केन्द्रिय कर्जा असुली विभाग तथा शाखा कार्यालय बहादुरमाई, पर्सामा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ।

Siddhartha Bank
शाखा कार्यालय : बहादुरमाई, पर्सा
फोन नं. ९८५५०३८४१४
Website : www.siddharthabank.com

# 'ओलीको अत्याचारले सीमा नाघ्यो'




**टुडे समाचारदाता**

बारा । नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष तथा पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले एमालेका अध्यक्ष केपी शर्मा ओलीको नेतृत्व र कार्यशैलीको आलोचना गरेका छन् ।

बाराको कलैयामा बुधबार आयोजित कार्यक्रममा बोल्दै नेपालले ओलीको 'अत्याचारले सीमा नाघेको' र त्यसको सबैभन्दा ठूलो भुक्तभोगी आफूहरू भएको बताएका छन् ।

रौतहटमा हुने जिल्लास्तरीय प्रशिक्षणमा सहभागी हुन काठमाण्डुबाट सिमरा हुँदै गौर जाने क्रममा नेपालले बारा पार्टी कार्यालयमा पनि नेता तथा कार्यकर्ताहरुसंग भेटघाट गरेका थिए । पूर्वप्रधानमन्त्रीसमेत रहेका अध्यक्ष नेपालले वर्तमान राजनीतिक अवस्था अस्थिर रहेको र ओलीको नेतृत्वमा रहेको सरकार कुनै पनि बेला ढल्न सक्ने बताए । अध्यक्ष नेपालले भने, 'राष्ट्रिय राजनीतिमा कहिले के हुने हो ठेगान छैन, कहिले यो केपी ओली नेतृत्वको सरकार ढल्छ भन्न सकिँदैन ।'

अध्यक्ष नेपालले ओलीमाथि जनवादी केन्द्रीयता, बहुमतको निर्णय र कमिटी प्रणालीको बेवास्ता गरेको आरोप लगाए । उनले ओलीको शैलीलाई एकाधिकारवादी र हुकुमी शासक रहेको भन्दै यस्ता व्यक्तिबाट अलग्गिने निर्णय सही भएको दाबी गरे । उनले पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीको सदस्यता नवीकरणको प्रसंगमा ओलीले पहिला भण्डारीलाई आउनुस् आउनुस् भनेर बोलाएको र पछि प्रतिस्पर्धी बन्ने सम्भावना देखेपछि सदस्यता नै खारेज गरिदिएको दाबी गरे ।

उनले ओलीका बोलीको कुनै भर नभएको र उनीसँग सम्बन्ध विच्छेद गरेर आफूहरूले सही कदम चालेको बताए । उनले आफ्नो पार्टीले संविधानको रक्षा गरेको दाबी गर्दै पार्टीको अधिवेशन तयारीमा जुट्न निर्देशन दिए ।

# डेढ दशक बित्दा पनि सप्तकोशी ब्यारेज पुनः निर्माण भएन

नेपालको तर्फबाट तत्कालीन राजा महेन्द्र शाह र तत्कालीन भारतीय प्रधानमन्त्री जवाहरलाल नेहरुले संयुक्त रुपमा कोशी ब्यारेज निर्माणको शिलन्यास गरेका थिए । कोशी ब्यारेजको निर्माण सम्पन्न भएपछि २०२२ साल बैशाख १२ गते राजा महेन्द्र र भारतीय प्रधानमन्त्री लालबहादुर शास्त्रीले संयुक्त रुपमा ब्यारेजको उद्घाटन गरेका थिए ।

**टुडे समाचारदाता**

राजविराज । सप्तकोशी नदीमा निर्माण गरिएको ऐतिहासिक कोशी ब्यारेजको म्याद सकिएको १५ वर्ष बित्दा पनि सप्तकोशी ब्यारेज पुनः निर्माण अहिलेसम्म पनि हुन सकेको छैन । ५६ ढोका रहेको कोशी ब्यारेजको म्याद सकिएको १५ वर्ष बित्दा पनि ब्यारेजको पुनः निर्माणमा नेपाल र भारतका दुबै सरकारले चासो देखाएको छैनन् ।

सप्तकोशी ब्यारेज मधेश प्रदेश र कोशी प्रदेश जोड्ने एकमात्र माध्यम हो । नेपाल सरकार र भारत सरकारले वि.सं. २०११ सालमा द्विपक्षीय कोशी सम्झौता गरी ब्यारेज निर्माणको प्रक्रिया अगाडि बढाइएको थियो । पूर्वी तराईका सप्तरी जिल्ला, सुनसरी जिल्ला, मोरङ जिल्ला र भारतको बिहार राज्यका किसानहरूलाई सिचाइँ, जलविद्युत् उत्पादन र बाढी व्यवस्थापनमा सहयोग पुर्‍याउने उद्देश्यका साथ निर्माण गरिएको कोशी ब्यारेजको आयु सकिँदा समेत दुबै देशले यसको विकल्प खोजेको छैनन् ।

निश्चित आयु सकिएको सप्तकोशी ब्यारेज बेलाबखत मर्मत गरिएको भए पनि जीर्ण भएका कारण यातायातका साधन सञ्चालन हुँदा अत्याधिक हल्लने गरेको छ । निर्माण थालिएको ६६ वर्ष पुरानो कोशी ब्यारेजको संरचनाको निर्धारित अवधि पार गरिसकेको र जीर्ण भएका कारण सुरक्षा जोखिम, मर्मत आवश्यकता, र दीर्घकालीन उपयोगिताप्रति स्थानीय बासिन्दाले व्यापक चासो राखेका छन् ।



नेपाल-भारत सरकारले कोशी सम्झौता गरी सन् १९५९ अप्रिल ३० मा कोशी ब्यारेजको निर्माण थालिएको थियो । नेपालको तर्फबाट तत्कालीन राजा महेन्द्र शाह र तत्कालीन भारतीय प्रधानमन्त्री जवाहरलाल नेहरुले संयुक्त रुपमा कोशी ब्यारेज निर्माणको शिलन्यास गरेका थिए । कोशी ब्यारेजको निर्माण सम्पन्न भएपछि २०२२ साल बैशाख १२ गते राजा महेन्द्र र भारतीय प्रधानमन्त्री लालबहादुर शास्त्रीले संयुक्त रुपमा ब्यारेजको उद्घाटन गरेका थिए । कोशी ब्यारेज बनेपछि सप्तरी, सुनसरी, मोरङ र भारतको बिहारमा नहर निर्माण गरी सिचाइँ सुविधा र पूर्व पश्चिम महेन्द्र राजमार्गमा यातायातका साधन सञ्चालनमा ल्याइएको थियो । भारतको अधिनमा रहेको सप्तकोशी ब्यारेजका ढोका आफू अनुकुल खोल्ने गरेका कारण सप्तरी, सुनसरी र मोरङका १० हजार वासिन्दा बाढीले घर खेत बगाउँदा विस्थापित भएका छन् । सप्तकोशी ब्यारेजको निर्माण नेपाल-भारत सरकारको सम्बन्धमा एक ऐतिहासिक उपलब्धि मानिन्छ । तत्कालीन समयमा, पूर्वी तराई क्षेत्रमा बाढी नियन्त्रण र सिचाइँ सुविधा उपलब्ध गराउनका लागि दुवै देशले सम्झौता गरे अनुसार, ब्यारेजको प्रयोग अवधि करिब ५० वर्षका लागि निर्धारण गरिएको थियो । तर पछिल्ला वर्षमा यसले आफ्नो निर्धारित आयु पार गरिसकेको भए पनि दुबै देशले यसको पुनः निर्माणमा चासो नदेखाएको बताइन्छ । उनले आयु सकिएको कोशी ब्यारेजले जुनसुकै बेला दुर्घटना निम्त्याउन सक्ने भएकाले समयमै सजक हुन नेपाल र भारत सरकारलाई अनुरोध गरे ।

सप्तकोशी ब्यारेजको निर्माणसँगै कोशी नदीको पानीलाई नियन्त्रित गरेर पूर्वी तराईको हजारौं हेक्टर खेतीयोग्य जमिन सिचाइँ गरिएको छ । यसले स्थानीय कृषि उत्पादनमा वृद्धि ल्याउनुका साथै तराई क्षेत्रमा आवास, सडक र जनजीवनमा पनि सकारात्मक प्रभाव परेको छ । तर समयको साथ संरचना जीर्ण हुँदै गएको र प्रविधि पुरानो भएकोले यसको सुरक्षा र दीर्घकालीन उपयोगिता प्रति स्थानीयवासीहरु बताउँछन् । उनले कोशी ब्यारेजको पुनः निर्माणको पूर्व तयारीमा लाग्न नेपाल सरकार र भारत सरकारलाई सुझाव दिए । कोशी ब्यारेजको आयु सकिँदा मुख्य समस्या भनेको बाढीको समयमा अत्यधिक दबाबमा संरचना भत्कन सक्ने जोखिम छ । सप्तकोशीको बाढीका कारण प्रत्येक वर्ष स्थानीयवासीले तनावपूर्ण अवस्था भोग्नु परेको छ । सुनसरी-मोरङ सिचाइँ आयोजनाका पूर्व भू-आर्जन अधिकृत गोपाल कोइरालाका अनुसार कोशी ब्यारेजको मुख्य संरचना स्लुइस गेट, तटबन्ध र मुख्य बाँध, पुरानो प्रविधि र निर्माण सामग्रीले बनेका छन् । लामो समयसम्म नियमित मर्मत र आधुनिक प्रविधि अनुसार सुधार नहुँदा यी संरचनाहरू जीर्ण हुँदै गएको स्थानीयवासीहरुको भनाइ छ ।

त्यसैगरि सिचाइँ प्रणालीमा व्यवधान आउँदा किसानहरूले खेती योग्य जमिनमा पानी नपाउने समस्या भोग्नुपर्दछ । यसले स्थानीय अर्थतन्त्रमा प्रत्यक्ष असर पार्ने मात्र होइन, खाद्य सुरक्षामा पनि चुनौती ल्याउने स्थानीयवासी उमेश यादवले बताए । उनले कोशी ब्यारेजको समयमै पुनः निर्माण गरि कोसी सम्झौताको पूर्ण पालना हुनुपर्ने माग गरेका छन् ।

कोशी ब्यारेजको दीर्घकालीन उपयोगका लागि मुख्य बाँध र स्लुइस गेटको सञ्चालन प्रणाली सुधार, तटबन्ध र सहायक संरचनाहरूमा मर्मत र पुनर्निर्माण, बाढीको प्रभाव कम गर्न जलविज्ञान अनुसन्धान र प्रविधि आधारित निगरानी तथा दुवै देशबीच सामूहिक अनुगमन अनिवार्य रहेको विज्ञहरूको सुझाव छ । कोशी ब्यारेज नेपाल-भारत सम्बन्धको एक महत्वपूर्ण परियोजना छ ।

स्थानीयवासीले प्रत्येक वर्ष बाढीको समयमा ब्यारेजबाट हुने जोखिमबारे चिन्ता व्यक्त गरेका छन् । तराई क्षेत्रमा लाखौं मानिस यसको प्रत्यक्ष असर भोगिरहेका छन् । यदि ब्यारेज भत्कियो वा अनियन्त्रित भयो भने, घर, खेत, सडक र विद्यालयसम्म डुबानमा पर्ने जोखिम रहेको कोशी पीडित संघर्ष समितिका सचिव बाबुराम कार्कीले बताए । उनका अनुसार कोशी सम्झौता अनुसार यहाँको बाढीबाट विस्थापितहरूलाई भारत सरकारले राहत र क्षतिपूर्ति नदिएका कारण पीडित परिवारले कष्टकर जीवन बिताउनु परेको गुनासो गरेका छन् ।

महिला तथा बालबालिकामन्त्री नवलकिशोर साहले सप्तकोशी ब्यारेज पुनः निर्माण गर्न पटकपटक भारतीय दूतावासमार्फत भारत सरकारलाई अनुरोध गरिएको भए पनि सुनुवाइ नभएको बताए । उनले प्रधानमन्त्री केपी शर्मा ओली भारत भ्रमणमा गएका बेला कोशी ब्यारेजको विषयमा कुराकानी हुने बताए ।

# लाखौँको अवैध सामग्री बरामद



**टुडे समाचारदाता**

वीरगञ्ज । पर्साको वीरगञ्जबाट १९ लाखभन्दा बढीको तस्करीको सामग्री बरामद गरी भन्सार दाखिला गरिएको सशस्त्र प्रहरीले जनाएको छ ।

सशस्त्र प्रहरी १३ गण हेडक्वार्टर पर्सा, प्रस्तावित सीमा सुरक्षा गुल्म वीरगञ्ज र वीरगञ्ज भन्सार कार्यालय पर्साबाट खटिएको संयुक्त टोलीले वीरगन्ज महानगरपालिका-१० अशोक बाटिकास्थित सिता थापाको घरमा भारतबाट अवैध रुपमा ल्याई राखिएको कपडा बरामद गरेको छ । त्यस्तै सोही टोलीले अशोक बाटिकाबाटै बिआर २२ एस ०७०१ नम्बरको भारतीय मोटरसाइकलमा लोड गरी नेपालतर्फ ल्याउँदै गरेको भन्सार मूल्य १७ लाख ८५ हजार ७ सय ३६ रुपैयाँ बराबरको हुक्काको फ्लेवर, कपडा र किराना सामग्री बरामद गरिएको छ ।

उक्त कार्यमा प्रयोग गरिएको मोटरसाइकलको मूल्य एक लाख ४० हजार मूल्यांकन गरी आवश्यक कारबाहीका लागि वीरगञ्ज भन्सार कार्यालय पर्सामा बुझाइएको सशस्त्र प्रहरी पर्साका सूचना अधिकारी सशस्त्र प्रहरी नायव उपरीक्षक सुरज कार्कीले जानकारी दिए ।

# मधेश प्रदेशसभा: आजदेखि छैटौं अधिवेशन

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशको प्रदेशसभाको छैटौं अधिवेशन बिहीरबार बस्दै छ ।

पाँचौ अधिवेशनलाई हतारहतारमा प्रदेश सरकारले अन्त्य गरेको लामो समयपछि छैटौं अधिवेशनको आह्वान गरिएको छ ।

असार मसान्तको क्रममा योजना खरिद विक्री हुने गरेको भन्दै सत्तापक्षका केही सांसद र प्रतिपक्षीले समेत आवाज उठाएपछि मधेश प्रदेश सरकारले हतारहतारमा पाँचौ अधिवेशन अन्त्यको घोषणा गरिएको थियो ।




मधेश प्रदेश सरकारको मन्त्रिपरिषद् बैठकले २०८२ भदौं ४ गते प्रदेशसभाको अधिवेशन बोलाउन सिफारिस गर्ने निर्णय गरेको थियो । नेपालको संविधानको धारा १८३ को उपधारा (१) बमोजिम सो अधिवेशन आह्वान गरिएको प्रदेश प्रमुखको कार्यालयका निमित्त सचिव शत्रुधन यादवले जानकारी दिए ।

# महादेवा गाउँपालिकाका पूर्वअध्यक्षको निधन

**टुडे समाचारदाता**

राजविराज । सप्तरीको महादेवा गाउँपालिकाका पूर्वअध्यक्ष दिपककुमार यादवको निधन भएको छ । महादेवा गाउँपालिका वडा नम्बर ३ स्थित बथनाहाका ६८ वर्षीय उनी कलेजोको क्यान्सरबाट पीडित थिए ।

एक वर्षदेखि आइएलबीएस हस्पिटल दिल्लीमा उपचार गराउँदै आएका पूर्वअध्यक्ष यादवको बुधबार निधन भएको उनका छोरा अभिनव यादवले जनाए ।

उनी बुवा विशेश्वरप्रसाद यादवको प्रेरणाले विद्यार्थी जीवनकालदेखि नै राजनीतिमा लागेका थिए । उनका बुवाले राणा र पञ्चायती शासनविरुद्ध भएका आन्दोलनमा महत्वपूर्ण भूमिका निभाएका थिए ।

अघिल्लो निर्वाचनमा अध्यक्ष पदमा निर्वाचित भएका



उनी आफ्नो कार्यकालमा सडक, खानेपानी, विद्यालय र स्वास्थ्य संस्थाको सुधारलाई प्राथमिकतामा राखेर कार्य गरेका थिए । जनता समाजवादी पार्टी (जसपा) नेपालका केन्द्रीय सल्लाहकारसमेत रहेका उनको बिहीबार अन्त्येष्टि गरिने परिवारजनले जनाएको छ । उनका श्रीमती, छोरा र छोरी रहेका छन् ।

गाउँपालिकाले पूर्वअध्यक्ष यादवको निधनप्रति दुःख व्यक्त गर्दै बिहीबार शोक बिदा दिएको छ ।


## विद्युतीय व्यापार (इ-कमर्स) मा ध्यान दिनुपर्ने कुराहरु

- विश्वसनीय वेबसाइट वा मोबाइल एप पहिचान गरेर मात्र प्रयोग गरौं,
- व्यक्तिगत जानकारी (जस्तैः OPT, पासवर्ड र बैंक विवरण) कसैंसंग पनि साझा नगरौं,
- सुरक्षित डिजिटल वालेट प्रयोग गरौं,
- सामान खरिद गर्नु अघि राम्रोसंग विवरण पढेरमात्र खरिद गरौं,
- खरिद गरेको सामाग्री बिग्रीएको वा गलत आयो भने फिर्ता गर्न मिल्छ/मिल्दैन सो बारे जानकारी राखौं,
- फेसबुकलगायत अन्य सञ्चारमाध्यममा देखिएको विज्ञापन लिंक खोल्नु अघि सावधानी अपनाउने गरौं,
- ठगीको मनसायले गरिने अत्यधिक सस्तो सामाग्री प्रति सचेत रहौं,
- आफूले प्रयोग गरिरहेको वस्तु वा सेवा प्रदान गर्ने फर्म कानूनी रुपमा दर्ता भए/नभएको एकिन गरौं,
- खरिद गरेका सामाग्रीको बिल सुरक्षित राखौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


रुबी हत्या प्रकरण :

# रुबीका हत्याका आरोपी लक्ष्मणको मृत्यु

**टुडे समाचारदाता**

रौतहट । रौतहटकी रुबीकुमारी साहका हत्या आरोपी लक्ष्मण पासवानको मृत्यु भएको छ । जिल्ला प्रहरी परिसर काठमाण्डुका प्रवक्ता एसपी अपीलराज बोहराले बुधबार साँझमा अस्पतालले मृत घोषणा गरेको बताए ।

रौतहटको माधवनारायण नगरपालिका-२स्थित मुडबलवाकी रुबीकुमारीको गएको शनिबार बेलुका हत्या भएको थियो । त्यसको अर्कोदिन आइतबार बिहान सडकमा फालिएको सुटकेशमा उनको शव फेला परेको थियो ।

रुबीकुमारीका हत्या आरोपी पासवान भने बुधबार घरनजिकै शरीरमा आगो लगाएको अवस्थामा फेला परेका थिए । स्थानीयले देखेपछि प्रहरीलाई खबर गरेका थिए ।

जलेर गम्भीर घाइते अवस्थामा फेला परेका ३० वर्षीय पासवानलाई शुरुमा रौतहटकै



बेटर नेपाल अस्पताल लगिएको थियो । तर चिकित्सकले उनलाई थप उपचारका लागि कीर्तिपुर वर्न अस्पताल रेफर गरेका थिए । वर्न अस्पतालमा उपचारकै क्रममा उनको मृत्यु भएको छ ।

रौतहटको माधवनारायण नगरपालिका-२स्थित मुडबलवाकी रुबीकुमारीको गएको शनिबार बेलुका हत्या भएको थियो । त्यसको अर्कोदिन आइतबार बिहान सडकमा फालिएको सुटकेसमा साहको शव फेला परेको थियो ।

रुबीकुमारीको हत्या आरोपी पासवान भने बुधबार बिहान आफ्नो घर नजिकै शरीरमा आगो लगाएको अवस्थामा फेला परेका थिए । स्थानीयले देखेपछि प्रहरीलाई खबर गरेका थिए ।

जलेर गम्भीर घाइते अवस्थामा फेला परेका ३० वर्षीय पासवानलाई शुरुमा रौतहटकै बेटर नेपाल अस्पताल लगिएको थियो । तर चिकित्सकले उनलाई थप उपचारका लागि कीर्तिपुर वर्न अस्पताल रेफर गरेका थिए। वर्न अस्पतालमा उपचारकै क्रममा उनको मृत्यु भएको छ ।

पासवान रौतहटकै माधवनारायण नगरपालिका वडा नम्बर ६ स्थित नहरको छेउमा राजदेवी बन्दिर नजिकै चौरमा फेला परेका थिए । रुबीकुमारीको शव भदौं ७ गते बेलुका १० बजेतिर रौतहटको गौर नगरपालिका वडा नम्बर ९ स्थित मुडवलवा गेट नजिकै सुटकेसमा फेला परेको थियो ।

आत्मदाहको प्रयास पहिले उनले भिडियो सार्वजनिक गर्दै साहको हत्या आफूले गरेको स्वीकार गरेका थिए । पासवानले छात्तीको दाहिनेतिर रुबीकै तस्विरको ट्याटु बनाए थिए भने दाहिने हातमा रुबीकै नाममा ट्याटु खोपेका थिए ।

पासवानकी पत्नी छिन् । रुबीकुमारीले पनि १३ वर्ष पहिले नै भारतीय नागरिकसंग विवाह गरेकी थिइन् । उनी छोरो पढाउन भन्दै केही महिनादेखि रौतहटमा बस्दै आएकी थिइन् । पासवान भने रोजगारीका लागि वैदेशिक रोजगारीको शिलशिलामा मलेसिया थिए ।

मलेसियाबाट फर्किएको केही समयमै रुबीकुमारीको हत्या गरेका पासवानको पनि मृत्यु भएको छ ।

# एक वर्षमै तीन कार्यालय प्रमुखको सरुवा

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाल आयल निगमको महेन्द्रनगर डिपो कार्यालय धनुषामा विगत एक वर्षमा तीनजना कार्यालय प्रमुखको सरुवा भएको छ । एक वर्षको अवधिमा यस कार्यालयबाट मनोजकुमार साह, मनिष न्यौपाने र रजीत कापडीको सरुवा भएको छ । कापडी अहिले विगत दुई महिनादेखि कार्यालयमा कार्यरत छन् ।

सरकारको स्वामित्वमा सञ्चालित सो आयल निगमको ऐन एवं विनियमावलीमा प्रत्येक दुईवर्षमा कार्यालय प्रमुख तथा अधिकृतस्तरका कर्मचारीको सरुवा हुने प्रावधान रहेको छ । सरुवाले कार्यालयको काममा प्रभावकारी रुपमा व्यस्थापन तथा सञ्चालनमा समस्या पर्ने गरेको कर्मचारीहरुले गुनासो गर्दै आएका छन् ।

वर्तमान कार्यालय प्रमुख कापडीले हाम्रो निगममा प्रत्येक दुई वर्षमा सरुवाको प्रावधान रहे पनि आवश्यक परेको खण्डमा कुनै बेला सरुवा हुन्छ भने तोकिएको स्थानमा गएर काम गर्नुपर्ने बताए । उनले भने, "आफू पदबहाली भएर आएदेखि नै कार्यालयको कामलाई प्रभावकारी तथा व्यवस्थित बनाउनेतर्फ जोड दिएको छु ।"

उक्त कार्यालयमा पेट्रोलियम ढुवानीकर्ता, पेट्रोलिय व्यवसायी तथा कर्मचारीबीचको विवादले कार्यालय प्रमुखको सरुवा हुने गरेको बताइको छ ।

उक्त कार्यालयले निगमको अमलेखगञ्ज डिपोबाट पेट्रोलियम पदार्थ ढुवानी गरेर धनुषा तथा महोत्तरी जिल्लामा रहेका पम्पहरुमा पेट्रोलिय पदार्थ बिक्री वितरण गर्ने गरेको छ । उक्त कार्यालयले करिब ८० ट्यांकरमार्फत पेट्रोलियम पदार्थ ढुवानी गर्दैआएको प्रमुख कापडीले बताए ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८